**बेनीघाट रोराङ गाउँपालिकाको तेह्रौं गाउँसभामा गाउँपालिका उपाध्यक्ष श्री टाप बहादुर श्रेष्ठ द्वारा प्रस्तुत आर्थिक वर्ष २०८०/०८१ को**

# बजेट वक्तव्य

बेनीघाट रोराङ गाउँपालिका
विशालटार, धादिङ
बागमती प्रदेश, नेपाल
२०८० असार १०

**बेनीघाट रोराङ गाउँपालिकाको तेह्रौं गाउँसभामा गाउँपालिकाका उपाध्यक्ष श्री टाप बहादुर श्रेष्ठद्वारा प्रस्तुत आर्थिक बर्ष २०८०/०८१ को आयव्यय विवरण (बजेट वक्तव्य)**

**श्रीमान् गाउँसभाका सभाध्यक्षज्यू,**

**गाउँसभाका सदस्यज्यूहरु,**

बेनीघाट रोराङ गाउँपालिकाको यस ऐतिहासिक गाउँसभाको तेह्रौं गाउँसभा समक्ष गाँउपालिकाको उपाध्यक्षको रुपमा आगामी आर्थिक बर्ष २०८०/०८१ को वार्षिक बजेट प्रस्तुत गर्न सभाध्यक्षज्यूको अनुमतिले यस गरिमामय सभामा उभिएको छु । यो सु-अवसर प्रदान गर्नु हुने समग्र बेनीघाट रोराङ गाँउबासीहरु प्रति अत्यन्तै आभारी छु । यस अवसरमा सर्वप्रथमः मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षाका लागि पटक पटक भएका ऐतिहासिक जनआन्दोलनहरुमा सहादत प्राप्त गर्ने वीर शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै उक्त जनआन्दोलनका घाईतेहरु प्रति हामी सिङ्गो बेनीघाट रोराङ गाँउपालिकाबासी ऋणि छौं । सम्पूर्ण जनताले प्रत्याभूत गरेको जनताको ढुकढुकी रुपी स्थानीय सरकारको यो नेतृत्व दोस्रो पाँच बर्षे कार्यकालको दोस्रो बर्षमा प्रवेश गरको छ । हामीले निर्वाचनमा जनतासामू राखेका कयौं बाचा र प्रतिबद्वताहरु क्रमशः पूरा गर्ने अभियानमा हामी जुटिरहेका छौं । हामीले हाम्रो कार्यकालको यो दोस्रो बर्षलाई पहिलो वर्षमा खडा गरिएको विकास र समृद्दिको जगमा रहेर समयसापेक्ष जनताका थप आवश्यकता र आंकाक्षाहरु क्रमसः पूरा गर्ने गरी तय गरिएको प्रभावकारी र अर्थपूर्ण कार्यान्वयन बर्षको रुपमा लिएका छौं । यस क्षणमा हाम्रो नेतृत्वको स्थानीय सरकारको पहिलो वर्षलाई सफलीभूत बनाउन सहयोग गर्नुहुने गाउँ सभाका सबै सदस्यहरुको तर्फबाट धन्यबाद ज्ञापन गर्दछु । साथै प्रत्यक्ष परोक्ष रुपमा आगामी दिनहरुमा थप सुझाव, सल्लाह र रचनात्मक सहयोगको अपेक्षाका साथ सविनय आग्रह गर्दछु ।

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड- १९ को थिलथिलो नसकिँदै मुलुकमा देखिएको आर्थिक मन्दिले हाम्रो पालिकालाई पनि छोडेन । कतिपय जनताका चाहनाहरु पूरा गर्ने इच्छा र दृढ संकल्प हुंदाहुँदै पनि सीमित साधन स्रोतको कारण थप खुम्चनु परेको अवस्था रह्यो । प्रत्येक वर्षको बर्षायामको परिस्थिति हेर्दा हाम्रो गाउंपालिकालाई मात्रै यस्तो ठुलो विपत्ती आईपरेको हो कि भन्ने भान पनि हुन पुग्छ । अधिक लगानी गरी खनिएका बाटाहरु बर्षायामको प्रारम्भमा नै क्षती हुन शुरु भईसकेको हुन्छ । यति मात्रै नभएर जनताको भौतिक बस्तुहरुको नास पनि हुन पुगेको छ । यस्तो विकराल अवस्थालाई पनि गाउंपालिकाले विभिन्न श्रोतको परिचालन गरी जनताको घाउहरुमा मलमपट्टी लगाउनुको साथै विकासको गतिलाई पछ्याइ रहेको छ । यस्तो भयावह अवस्थालाई पार लगाउने क्रममा आर्थिक संकटले भने गाँउपालिकालाई थप खुम्च्याएको छ जसको असर आर्थिक, सामाजिक, मानवीय क्षेत्र र समग्रमा दिगो विकासमा परेको छ ।

उत्तरमा पवित्र गंगा त्रिशुली देखी दक्षिणमा महाभारत श्रृखला सम्म वसोवास गर्ने विभिन्न, जात जाती, भाषा भाषी तथा धर्म सस्कृतिको फुलवारी यो बेनीघाट रोराङ गाउँपालिका भित्र देखिएको भौगालिक, सामाजिक र आर्थिक पछौटेपनलाई आत्मसाथ गर्दै पूर्ण लोकतान्त्रिक पद्धतिका साथ स्थानीय सरकारको माध्यमबाट गाउं घर र जनताको विकास गर्ने ऐतिहासिक जिम्मेवारीलाई पूरा गर्न स्थानीय सरकारको दोस्रो कार्यकालको दोस्रो वर्षको बजेट प्रस्तुत गरिरहँदा बेनीघाट रोराङका जनतालाई केन्द्रविन्दुमा राखेर असल आचरण, कुशल प्रशासन र सुशासन मार्फत जनताले खोजे जस्तो, रोजे जस्तो र चाहे जस्तो परिवर्तन र रुपान्तरणको प्रत्याभूति दिलाउने र अर्थतन्त्रलाई गतिशील बनाउने गहन जिम्मेवारी हामी सबैले बोध गरेका छौं ।

झट्ट हेर्दा राजमार्ग क्षेत्रकै पालिका भएकोले यही बाटो भएर हिड्ने जो कोहीलाई पनि बेनीघाट रोराङ धैरे सुगम छ भन्ने लागे पनि पालिकाको जटिल भूगोल र यहाँका जनताका न्यून आयको कारण द्रुतगतिमा सबै क्षेत्रको समुचित विकास त्यति सहज छैन् । यहाँको समस्या र चुनौतीहरुलाई अवसरको रुपमा लिएर यस क्षेत्रको अथाह सम्भावनाहरुलाई सहकार्य, समन्वय र सहअस्तित्वको एउटै मालामा उन्न सके विकासको मूल फुटाउन सकिन्छ र गाँउपालिका प्रति सरोकार राख्ने सम्पुर्ण राजनीतिज्ञ, समाजसेवी, शिक्षाप्रेमी, बुद्दिजिवी तथा नागरिक समाज लगायत सबै तह र तप्काको सहयोग र ऐक्यवद्धताले वर्तमान समस्या र चुनौतिलाई चिर्दै जनतामा अधिक खुसी ल्याउन सकिन्छ भन्ने हामी स्थानीय सरकारको दृढ विश्वास छ । साथै आगामी दिनमा बेनीघाट रोराङको समृद्धिको लागि सबै- सबैको सुझाव ,सल्लाह र सहयोगको लागि गाउंपालिका हार्दिक आग्रह गर्दछ । यस अवस्थामा सबै बेनीघाट रोराङबासीको जीवन रक्षा गर्ने, भविष्य प्रति आधारयुक्त आशा जगाउने र गाँउपालिकाको आर्थिक पक्ष सुदृढ बनाउन बजेटले टेवा पुऱ्याउने कुरा यहांहरुलाई आस्वस्त दिलाउन चाहन्छौं ।

**गाउँसभाका सभाध्यक्षज्यू ,**

अब म बेनीघाट रोराङ गाउपालिकाको आर्थिक बर्ष २०८०/०८१ को लागि वार्षिक आय व्याय (बजेट) पेश गर्ने अनुमति चाहन्छु ।

आर्थिक वर्ष २०७८।७९ मा कुल बजेट रु. ६४,६८,३४,७५६।०० (अक्षरुपी चौसठ्ठी करोड अठसठ्ठी लाख चौंतिस हजार सात सय छपन्न रुपैंया मात्र) यथार्थ खर्च भएको छ ।

आर्थिक वर्ष २०७९।८० मा कुल बजेट रु. ७१,३०,४३,०२३।०० (अक्षरुपी एकहत्तर करोड तीस लाख त्रिचालीस हजार तेइस रुपैंया मात्र) आय भई सोही आय अनुसार खर्च हुने संशोधित अनुमान पेश गरेको छु ।

यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ मा चालु खर्च रु. ४३,५१,१७,०००।- (अक्षरुपी त्रिचालीस करोड एकाउन्न लाख सत्र हजार रुपैया मात्र) र पुँजिगत खर्च रु. ३६,१६,५०,०००।- (अक्षरुपी छत्तीस करोड सोह लाख पचास हजार रुपैँया मात्र) गरी कुल रु. ७९,६७,६७,०००।- (अक्षरुपी उनासी करोड सतसठ्ठी लाख सतसठ्ठी हजार रुपैँया मात्र) खर्च हुने अनुमान पेश गरेको छु । यसरी चालु तर्फ ५४.६१ प्रतिशत र पुँजिगत तर्फ ४५.३९ प्रतिशत खर्चको अनुमान देखिएको छ ।

**सभाध्यक्ष महोदय,**

अव म आगामी आर्थिक वर्ष २०८०/०८१ को प्रस्तावित आय व्यय प्रस्तुत गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि कूल रु. ७९,६७,६७,०००।- (अक्षरुपी उनासी करोड सतसठ्ठी लाख सतसठ्ठी हजार रुपैंया मात्र) खर्चको बजेट प्रस्ताव गरेको छु ।

यस बजेटलाई क्षेत्रगत रुपमा आर्थिक विकासका लागि रु. १,९२,२६,०००।०० (अक्षरुपी एक करोड बयानब्बे लाख छब्बिस हजार रुपैंया मात्र), सामाजिक विकासका लागि रु. ४१,३६,००,०००।०० (अक्षरुपी एक चालिस करोड छत्तीस लाख रुपैंया मात्र), पुर्वाधार विकासका लागि रु. २२,००,००,०००।०० ( अक्षरुपी बाइस करोड रुपैंया मात्र), बन बातावरण तथा विपद व्यवस्थापनका लागि रु. १,७६,५०,०००।००० ( अक्षरुपी एक करोड छैहत्तर लाख पचास हजार मात्र) र संस्थागत विकास तथा सुसासन तर्फ रु. १२,६२,९१,०००।०० (अक्षरुपी बाह करोड बैसठ्ठी लाख एकानब्बे हजार रुपैंया मात्र) विनियोजन गरेको छु ।

खर्च व्यहोर्ने श्रोतहरुमा नेपाल सरकारवाट प्राप्त हुने वित्तीय सामानीकरण अनुदान रु. १५,०९,००,०००।- ( अक्षरुपी पन्ध्र करोड नौ लाख रुपैंया मात्र), समपूरक अनुदान रु.२,००,००,०००।- (अक्षरुपी दुइ करोड रुपैंया मात्र), शशर्त अनुदान रु. २७,२६,००,०००।- (अक्षरुपी सत्ताइस करोड छव्विस लाख रुपैंया मात्र) र नेपाल सरकारबाट राजश्व बाँडफाँड रु. १०,८८,८७,०००।०० (अक्षरुपी दश करोड अठासी लाख सतासी हजार रुपयाँ मात्र), खानी तथा रोयल्टी बापत रु. ७,००,०००। (अक्षरुपी सात लाख रुपैंया मात्र) तथा प्रदेश सरकारवाट वित्तीय सामानीकरण अनुदान रु. १,६३,३१,०००।०० (अक्षरुपी एक करोड त्रिसठ्ठी लाख एकतीस हजार रुपैंया मात्र), प्रदेश शशर्त अनुदान रु. २,७४,१४,०००।०० (अक्षरुपी दुई करोड चौहत्तर लाख चौध हजार रुपैयां मात्र), प्रदेश बिशेष अनुदान रु. १,००,००,०००।०० (अक्षरुपी एक करोड रुपैंया मात्र) र प्रदेश समपुरक अुनदान रु. २,५०,००,०००।०० ( अक्षरुपी दुई करोड पचास लाख रुपैंया मात्र) आय हुने प्रक्षेपण गरेको छु । साथै गाँउपालिकाको आन्तरिक स्रोत तर्फ रु. ७,५०,४२,२५०।०० (अक्षरुपी सात करोड पचास लाख बयालिस हजार दुई सय पचास रुपैंया मात्र) को आय हुने प्रस्ताव गरेको छु । चालु आर्थिक बर्ष २०७९।८० को नगद मौज्दात रु. ३,४५,४८,०२३।०० (अक्षरुपी तीन करोड पैंतालिस लाख अठ्चालीस हजार तेइस रुपैंया मात्र) हुने अनुमान पेश गरेको छु । यसका लागि गाउँपालिकाको आन्तरिक आय अभिबृद्धि गर्न करको दायरालाई फराकिलो बनाउन, सहभागितामूलक कर नीति अवलम्बन गरी आन्तरिक आयको वृद्धि गर्ने गरी विभिन्न कर, शुल्क तथा दस्तुरहरुको प्रस्ताव गरेको छु ।

यसरी बेनीघाट रोराङ गाउँपालिकालाई देशकै नमुना गाउँपालिकाको रुपमा स्थापित गर्ने परिकल्पनालाई साकार पार्न आवश्यक भौतिक पूर्वाधार बिकास, आर्थिक विकास, कृषि तथा पशु, सामाजिक विकास, विपद व्यवस्थापन साथै संरचनागत विकास तथा सुशासनका क्षेत्रहरुलाई मुख्य प्राथमिकतामा राखी ***कृषि, शिक्षा, स्वास्थ्य, रोजगार, र पूर्वाधार : सम्वृद्ध बेनीघाट रोराङको आधार*** भन्ने सोचलाई साकार पार्न श्रीमान् अध्यक्षज्यू मार्फत गाउँ सभा समक्ष प्रस्तुत नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका क्षेत्रहरुमा आवश्यक बजेटको प्रबन्ध मिलाएको छु ।

**आर्थिक विकास :**

कृषि, उद्योग, पर्यटन, सहकारी, जलश्रोत तथा सिंचाई, पशुपन्छी विकास र भूमि व्यवस्था आर्थिक विकासका प्रमुख क्षेत्रहरु हुन् । गाउंपालिकाको आर्थिक उन्नतिको प्रमुख आधार नै कृषि क्षेत्र हो । ***"किसानको बोटदेखि उपभोक्ताहरुको ओठसम्म"*** भन्ने मौलिक नारालाई व्यवहारमै उतार्न व्यवसायिक कृषि कार्यलाई प्रर्वद्धन गरी स्वरोजगार बन्नका लागि ***कृषकसँग गाउँपालिका*** कार्यक्रम मार्फत विभिन्न कार्यक्रमको व्यवस्था मिलाएको छु । उत्पादनको आधारमा अनुदान दिने व्यवस्था गरेको छु । रोजगारका अवसर सिर्जना गर्नका लागि गाँउपालिका भित्र साना, मझौला तथा ठुला उद्योग स्थापना र प्रबर्धनलाई प्राथमिकतामा राखी त्यस्ता उद्योग स्थापनाका लागि आवश्यक पूर्वाधार निर्माण तथा गाउंपालिका भित्र दर्ता भई सञ्चालनमा रहेका व्यापार,व्यवसाय तथा फर्महरुका सञ्चालकहरुलाई विज्ञ मार्फत विभिन्न वडाहरुमा व्यवसाय सचेतना, विस्तार तथा क्षमता विकासका लागि आवश्यक प्रबन्ध मिलाएको छु । सम्पूर्ण गाउँपालिकावासीमा आ-आफ्नो कर्तव्य र जिम्मेवारी बोध गराई अनुशासित, लगनशील, परिश्रमी वनाउन सहयोग पुऱ्याउने लक्ष्यका साथ विभिन्न कार्यक्रमका माध्यमबाट आय आर्जनका लागि कृषि पकेट विकास कार्यक्रम तय गरेको छु । नव प्रवर्तन साझेदारी कोष मार्फत वडा नं. ७ को चाँपटारमा बाखा पकेट क्षेत्रको निर्माण प्रारम्भ भैसकेको छ जसको निरन्तरता र विकासको लागि प्रदेश सरकारसंगको साझेदारीमा आवश्यक बजेटको विनियोजन गरेको छु । **किसानको जीवनस्तर सुधारका लागि खाद्यान्न, तरकारी, फलफुल, दुग्धजन्य र मासुजन्य उत्पादन, बेमौसमी तरकारी खेतीका लागि प्लाष्टिक टनेल निर्माण, चेपाङ उत्थान कार्यक्रम, रैथाने बाली कोदो, मकै, फापर, वेसार, अदुवा, केरा,मह, पिंडालु जस्ता स्थानीय उत्पादनहरुको बजारीकरण, एक वडा एक बिशेष उत्पादन कार्यक्रम**को लागि बजेट विनियोजन गरेको छु । वडा नं. ८ र ९ का साचक, घाम्वाङ, दुम्वाङ वितेश, भारपाङ लगायतका क्षेत्रहरुमा कफी खेती प्रबर्द्धनका लागि बजेटको प्रबन्ध मिलाएको छु । बजारमा बढी माग हुने पुष्प खेतीका लागि विशेष व्यवस्था मिलाएको छु । ***एक घर एक करेसाबारी*** निर्माण मार्फत पोषण सुधारलाई महत्व दिएको छु । १० वटै वडाहरुको एउटा एउटा सडकलाई कृषि सडक घोषणा गरी बाहै महिना सञ्चालन ल्याइने गरी आवश्यक बजेटको जोहो गरेको छु । थोपा सिंचाई प्लाष्टिक पोखरी कार्यक्रम सञ्चालनका लागि बजेट छुट्याएको छु । गतसाल शुरु भई अधुरा रहेका कार्यक्रमहरुलाई पुरा गर्ने गरीको आवश्यक व्यवस्था मिलाएको छु । बाली बिमा सम्बन्धी सचेतना कार्यक्रम, प्लान्ट क्लिनिक सञ्चालन, माटो परीक्षण घुम्ती शीविर, वडा नं. १० मा सुन्तला प्रबर्दन कार्यक्रम सञ्चालन, साना कृषि औजार वितरण, पशुपंछीको औषधी र खोप खरिद, पशु स्वास्थ्य शिविर, रेबिज खोप शिविर तथा यु.एम.एम.वि. ब्लक बनाउने तालिमका लागि आवश्यक बजेटको बिनियोजन गरेको छु । पालिकास्तरीय सहकारी संस्थाहरुको गुणस्तरीयता कायम गर्न क्षमता विकासका कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक बजेटको तर्जुमा गरेको छु । गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका उद्योग तथा व्यवसायका सञ्चालकहरुको क्षमता विकासको लागि बजेट बिनियोजन गरेको छु । लघु उद्यम तथा साना व्यवसायीहरुको व्यवसाय सचेतना तथा सुधार सम्बन्धी कार्यक्रमलाई उच्च

प्राथमिकतामा राखेको छ । समग्रमा आर्थिक विकासका लागि रु. १,९२,२६,०००।०० (अक्षरुपी एक करोड बयानब्बे लाख छब्विस हजार मात्र) बजेटको बिनियोजन गरेको छ ।

**शिक्षा, युवा तथा खेलकूद**

सबै क्षेत्रहरुको जननी शिक्षा नै हो भन्ने कुरालाई हामीले उच्च प्राथमिकतामा राखेका छौं । ***"शिक्षामा सुधार : प्रगतिको आधार"*** भन्ने कुरालाई आत्मसाथ गरी शिक्षामा सबैको अधिकार स्थापित गर्न गाउँपालिका भित्र रहेका शैक्षिक सस्थाहरुको भौतिक तथा शैक्षिक विकासका लागि विभिन्न कार्यक्रमहरु राखेको छ । गाउपालिका भित्रका वालविकास कोटा नभएका सामुदायिक विद्यालयमा वालकोटाको लागि आवश्यक बजेट व्यवस्था गरेको छ । विद्यालय जगको आधारस्तम्भको रुपमा रहेका गाउंपालिकाले नियुक्त गरेका सबै बालबिकास शिक्षकहरुका लागि खाइपाई आएका रकममा मासिक रु. २००० थप गरको छ । बालविकासको विहानीको रुपमा रहेको बालविकास सहजर्ताहरुको लागि मन्टेश्वरी पुर्नताजगी तालिमको लागि आवश्यक बजेट विनियोजन गरेको छ । शैक्षिक नतिजाको आधारमा उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थीलाई उचित सम्मान गर्ने योजना बनाएको छ । विद्यालय सुशासनका विभिन्न सूचकहरुलाई प्राप्त गर्ने कार्यक्रमहरु तय गरेको छ । प्राविधिक शिक्षा अध्ययन गर्ने लगायत अति बिपन्न, जेहेन्दार तथा सिमान्तकृत विद्यार्थीहरुको लागि छात्रवृत्ति वितरणको लागि बजेट छुट्याएको छ । चेपाङ आवाशीय विद्यालय स्थापना र सञ्चालनका लागि रकमको जोहो गरेको छ । साथै विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी न्युन रहेका विद्यालयमा शिक्षकहरुको पारिश्रमिकका लागि आवश्यक अनुदानको व्यवस्था गरेको छ । गाँउपालिका भित्रको शैक्षिक गुणस्तर वृद्धि र विद्यालय पुर्वाधार विकासका लागि थप बजेटको व्यवस्था गरेको छ । विद्यार्थीहरुलाई स्थानीय परिवेशसँग परिचित गराउन स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाएको छ । नतिजामा आधारित प्रोत्साहन मार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरुको मनोवल वढाउनका निम्ति शैक्षिक उन्नयन र बढोत्तरीका कार्यक्रमहरु तय गरेको छ । सूचकमा आधारित विद्यालयको मूल्यांकन गरी ग्रेडिङ गर्ने व्यवस्था मिलाएको छ । विपन्न र जेहन्दार विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था गरेको छ । शिक्षा प्रबाह गर्ने मुख्य थलो भनेकै कक्षाकोठा हो । कक्षाकोठाको नायक भनेकै शिक्षकहरु हुन । उनीहरुलाई शिक्षण प्रति बढी जवाफदेही र जिम्मेवार बनाउन नतिजामा आधारित शिक्षक केन्द्रित प्रोत्साहन कार्यक्रमहरुको प्रबन्ध मिलाएको छु । कम्तीमा पनि एक विद्यालय एक कम्प्युटर र एक प्रिन्टर कार्यक्रमलाई प्राथमिकतामा राखेको छु । विद्यालयमा ***पढ्दै कमाउदै कमाउदै पढ्दै*** कार्यक्रमका लागि रु. ७ लाख रकम बिनियोजन गरेको छ । विद्यालयमा कक्षा संख्या र विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी कम हुन गई शिक्षण सिकाइ कृयाकलापमा पर्न गएको क्षतिलाई पूरा गर्न आवश्यक दरबन्दी र प्रदान गरिदैं आएको थप प्रोत्साहन रकमलाई निरन्तरता दिएको छ । यसका लागि रु. २,१०,९८,०००। (दुई करोड दश लाख अन्ठानब्बे हजार रकमको विनियोजन गरेको छ । अनिवार्य अवकाश प्राप्त र दिर्घ सेवा गरेका शिक्षकहरुको सम्मानको लागि आवश्यक व्यवस्था मिलाएको छु । करार शिक्षक नियुक्ति गर्दा विद्यालयमा पर्न गएको आर्थिक भारबहनलाई अन्त्य गरेको छु । ***प्रविधिमैत्री विद्यालय***को अवधारणालाई आत्मसाथ गर्ने गरी आवश्यक रकम छुट्याएको छ । अनुसन्धान तथा प्रर्बधनात्मक कार्यक्रम अन्तर्गत आफ्नो पालिका भित्रको नागरिकले पालिकाले आवश्यक्ता महशुस गरेको विषयमा विद्यावारिधि गर्न चाहेमा एक पटकका लागि रु. ५०,००० रकम विनियोजनको व्यवस्था मिलाएको छु । गाउँगाउँमा अभिभावक शिक्षा, घरघरमा समिक्षा कार्यक्रमलाई थप महत्व दिएको छ । सबै विद्यालयहरुमा समूह सुपरीबेक्षण गर्ने व्यवस्था मिलाएको छ । गाउंपालिकास्तरीय विषयगत समितिहरु र युवा जागरण तथा खेलकूद विकासको लागि थप प्रबन्ध मिलाएको छ । ***"हाम्रा युवा- हामी संगै" र "स्वास्थ्यका लागि खेलकूद- खेलकूदका लागि स्वास्थ्य"*** भन्ने मूल नारालाई चरितार्थ गर्न युवा लक्षित कार्यक्रमहरुको बन्दोवस्त गरेको छु । नेपाल टेलिकमको सहकार्य र साझेदारीमा सबै आधारभूत विद्यालयहरुमा इन्टरनेट सेवा पुर्‍याउने व्यवस्थालाई अघि बढाएको छु । समग्रमा शिक्षालाई ***सीपसंग, सीपलाई श्रमसंग, श्रमलाई रोजगारीसंग, रोजगारीलाई उत्पादनसंग र उत्पादनलाई बजारसँग*** जोड्ने गरीको प्रबन्ध मिलाएको छु । यसरी संघीय सरकार र प्रदेश सरकारबाट शिक्षा क्षेत्रमा प्राप्त भएको बजेट समेत गरी शिक्षा क्षेत्रमा कूल ***२५ करोड ९९ लाख ७४ हजार ८ सय २८ रुपयाँ*** बजेट विनियोजित गरेको छु ।

**सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा तथा संरक्षणका माध्यमबाट स्थानीय सरकारको प्रत्याभुतिका लागि जेष्ठ नागरिक सम्मान तथा सुरक्षाका लागि सामाजिक सुरक्षा तथा संरक्षणको लागि रकम विनियोजन गरेको छ । अपाङ्ग लक्षित कार्यकमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । आदिवासी तथा जनजाती लक्षित कार्यकम, दलित लक्षित कार्यकम, साँस्कृतिक संरक्षणका कार्यकम, महिला तथा वाल विकास कार्यकम तय गरेको छु । सामाजिक न्याय पुर्नस्थापनाका लागि मेलमिलाप केन्द्र व्यस्थापनको लागि आवश्यक व्यवस्था मिलाएको छु । शान्ति सुरक्षा, अमन चयन कायम गरी प्रहरीसँग हातेमालो गर्दै दिगो शान्ति कायमका लागि सामुदायिक प्रहरी साझेदारी कार्यकमलाई उच्च प्राथमिकता राखेको छु ।

**स्वास्थ्य, खानेपानी तथा सरसफाई**

***"स्वस्थ नागरिक सम्वृद्ध गाउँपालिकाको आधार"*** भन्ने मान्यतालाई साकार पार्न स्वास्थ्य तथा सरसफाई क्षेत्रको विकासमा विभिन्न निकायलाई परिचालित गरि स्वास्थ्य संस्था र स्वास्थ्य कर्मीहरुको क्षमता विकासको लागि आवश्यक प्रबन्ध मिलाएको छु । मातृ शिशु स्वास्थ्य एव्म पोषणमा सुधार ल्याउन ***पोषण सुधार केन्द्र*** सञ्चालन तथा व्यवस्थापनका लागि बजेट बिनियोजन गरेको छु । बेनीघाट स्वास्थ्य चौकीलाई आधारभूत अस्पतालको रुपमा स्तरोन्नति गरी प्रयोगशाला सहितको मेडिकल अधिकृतको सेवा निरन्तरताको लागि बजेट बिनियोजन गरेको छु । सिमान्तकृत समुदाय चेपाङ परिवार भित्र २ सन्तान भए पश्चात परिवार नियोजनको स्थायी सेवा लिए बापत पुरुषहरुको लागि प्रति व्यक्ति रु. ५०००, महिलाहरुको लागि ५ बर्षे अस्थायी साधन प्रयोग गरेमा रु.२००० र स्थायी सेवा (मिनिल्याप) गराएमा रु.५००० प्रोत्साहन रकम विनियोजन गरेको छु ॥ पालिका भित्र सञ्चालित वर्थिङ सेन्टरमा सुत्केरी हुने आमाको घरमै रु. १ हजारको पोषण उपहार पुर्‍याउने तथा सुत्केरी आमा

र नव शिशुका लागि थप न्यानो कपडा वितरणका लागि आवश्यक बजेटको प्रबन्ध गरेको छु । मातृ तथा नवशिशु मृत्युदर घटाउन ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमको साथै पालिका भित्र सुत्केरी हुने महिलाहरुको लागि निशुल्क एम्बुलेन्स भाडा व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु । गाउँपालिका भित्र आकस्मिक अवस्थाका विरामीहरुका लागि अस्पताल सम्म पुर्याउन गाडी भाडाको लागि बजेट व्यवस्थापन गरेको छु । खोपबाट बचाउन सकिने रोग नियन्त्रणको लागि पालिका स्तरीय खोप भण्डारणका लागि बजेट विनियोजन गरेको छु । ***जेष्ठ नागरिका तथा पूर्ण अपाङ्गता भएका व्यक्तिहरुका लागि घरदैलो स्वास्थ्य परीक्षण*** गर्न आवश्यक बजेट बिनियोजन गरेको छु । स्वास्थ्य क्षेत्रमा अहोरात्र खटिएका सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका तथा स्वास्थकर्मीहरुको मनोबल उच्च राख्न निश्चित रकम सहित प्रोत्साहन भत्ता, खोप तथा गाउँघर क्लिनिक कार्यक्रम, मानसिक समस्यामा परेका विरामीहरुको लागि विशेषज्ञ सहितको स्वास्थ्य शिबिर सञ्चालन, संस्थागत सुत्केरीका लागि पोषण प्रबर्दन कार्यक्रम, विपन्न विरामीहरुलाई बर्षमा एकपटक औषधि उपचार सहायताका लागि रु. ७,००० प्रदान गर्ने लगायतका विभिन्न कार्यक्रमहरु सहित संघ तथा प्रदेश सरकारबाट प्राप्त भएको बजेटको अतिरिक्त गाउंपालिकाको स्रोतबाट मात्रै ३ करोड रकम विनियोजन गरेको छु । ***"स्वच्छ खानेपानी-सुखी जिन्दगानी"*** भन्ने मर्मलाई आत्मसाथ गर्न गाउँपालिकाको विभिन्न खानेपानी योजना सञ्चालन गरि शुद्ध खानेपानी प्रत्याभुतिका लागि आवश्यक बजेट बिनियोजन गरेको छु । साथै सामुदायिक सरसफाई, पोषण तथा खानेपानीको क्षेत्रमा कार्यरत संघ सस्थाहरुसंग साझेदारीको कार्यक्रमलाई विशेष प्राथमिकतामा राखेको छु । खानेपानी , सरसफाई तथा स्वच्छतालाई केन्द्रबिन्दुमा राखी बेनीघाट रोराङ ग्रामिण खानेपानी व्यवस्थापन बोर्ड मार्फत एकद्धार प्रणालीबाट ***"एक घर एक धारा"*** कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट बिनियोजन गरेको छु । उपभोक्ताको जनस्वास्थ्यलाई मध्यनजर राख्दै खानेपानीको गुणस्तर परीक्षणको लागि ग्रामिण खानेपानी व्यवस्थापन बोर्ड सञ्चालन र व्यवस्थापन हुने गरी गाउँपालिकास्तरमा मिनिल्याब सञ्चालनको आवश्यक व्यवस्था गरेको छु ।

**नागरिक सचेतना तथा भाषा र संस्कृतिः**

नागरिक सचेतना अभिवृद्धि गर्नका लागि संचार क्षेत्रसँग साझेदारी कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । धार्मिक सम्पदा तथा मूर्त र अमूर्त साँस्कृतिक सम्पदाको संरक्षणका लागि गाउँक्षेत्र भित्रका सवै जातजाति, धर्म सम्प्रदाय, भाषा र मौलिक संस्कृतिको जगेर्ना गर्ने कार्यक्रमलाई प्राथमिकता दिएको छु । विभिन्न मठ-मन्दिर, चर्च, गुम्वा, मस्जिद आदिको निर्माण तथा संरक्षणका लागि आवश्यक बजेट छुट्याएको छु ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक**

महिला सृष्टिका आधा आकाश हुन् । बालबालिकाहरु भविष्यका कर्णधार हुन् र भोलिको पुस्ताको आधारस्तम्भ हुन् । बाल क्लव सञ्जाल र बाल अधिकार मञ्चलाई व्यवस्थित गर्ने प्रबन्ध मिलाएको छु । जेष्ठ नागरिकहरु हाम्रा अमूल्य निधि र मार्गदर्शक हुन् । महिला उद्यमशीलता, महिला उत्प्रेरणा र महिला सशक्तिकरण, बालबालिकाहरुको संरक्षण तथा क्रियाशीलता र जेष्ठ नागरिकहरुको सम्मानसंग सम्बन्धित विभिन्न कार्यक्रमहरु सञ्चालनको व्यवस्था मिलाएको छु । महिलाहरुको लागि क्षमता विकास एवम् सशक्तिकरण, लैगिंक हिंसा निवारणमा पुरुष सहभागिता प्रबद्वन कार्यक्रमको लागि बजेट विनियोजन गरेको छु । वडास्तरीय बालक्लवहरुको क्षमता विकास र पुनर्गठन तथा **"समुदायको शान- ज्येष्ठ नागरिक सम्मान"** कार्यक्रम अन्तर्गत सबै वडाहरुमा ज्येष्ठ नागरिक मञ्च गठन परिचालनको व्यवस्था मिलाएको छु । पूर्ण अपाङ्गता भएका व्यक्ति र ७० बर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई नियमित घरदैलोमा स्वास्थ्य परीक्षण गर्ने प्रबन्ध मिलाएको छु । बेनीघाट रोराङ गाउँपालिकालाई वि.सं. २०८७ सम्म बालमैत्री गाउँपालिका घोषणा गर्नेगरी कार्यक्रम सञ्चालन गर्ने प्रबन्ध मिलाएको छु ।

**पूर्वाधार विकास**

सडक, भवन आवास तथा सहरी विकास, उर्जा, खानेपानी, पुनर्निर्माण तथा सम्पदा संरक्षण तथा हस्तान्तरण पूर्वाधार विकासका आयामहरु हुन् । व्यवस्थित सडक सञ्जाललाई विकासको मुख्य आधारशीला मान्दै यस बर्ष नयाँ ठाउँमा सडक निर्माण गर्ने भन्दा पनि गाउँपालिका भित्र रहेका सडकहरुको स्तरोन्नतिको व्यवस्था मिलाएको छु । सडक निर्माण गर्दा अनिवार्य रुपमा नाला संगै निर्माण गर्नुपर्ने तथा सडक निर्माण मापदण्डलाई पूर्ण पालन गर्नुपर्ने व्यवस्था मिलाएको छु । गाउँपालिका केन्द्रबाट प्रत्येक वडा केन्द्र सम्म व्यवस्थित सडक सञ्जाल कायम गरी विभिन्न सडकहरुको नामाकरण गर्ने योजना बनाएको छु । बैकल्पिक उर्जा प्रबर्धन केन्द्रसँगको समन्वयमा धुँवा रहित चुलो तथा बायो ग्याँस प्लान्ट निर्माणलाई प्रोत्साहन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु । गाउँपालिका कार्यालयको अधुरो भवन निर्माण तथा वडा कार्यालय खास गरी वडा नं. ४ को वडा कार्यालय भवन निर्माण सम्पन्न गरी सहज ढंगबाट सेवाप्रवाह प्रभावकारी बनाउनका लागि आवश्यक बजेटको जोहो गरेको छु । स्वच्छ त्रिशुली नदी हाम्रो अभियान तथा पर्यटन विकासका लागि पृथ्वी लोकमार्ग र त्रिशुली जलमार्गको विकास गर्दै पर्यटन प्रवर्द्धन तथा गाउँपालिकाको सौन्दर्य अभिवृद्धिका लागि विभिन्न सस्थाहरुको सहकार्यमा कार्यक्रम सञ्चालनको कार्यक्रमलाई निरन्तरता दिएको छु । पर्यटन पर्वद्धनका लागि नोहक गुफा, चैलिङ मनकामना मन्दिर, चैलिङ हामेस्टे, सोलीघोप्टे, ब्रुसबाङ, सुन्दरनागी पर्यटक स्थलहरुको व्यवस्थापनका लागि आवश्यक प्रबन्ध मिलाएको छु । विद्यालयहरुको घेरबार र खेलमैदान लगायत सबै वडाहरुमा सानातिना योजनाहरुको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**वन, वातावरण तथा विपद व्यवस्थापन**

***"एक टोल एक चौतारी बेनीघाट रोराङ सबैको फुलबारी"*** भन्ने नारालाई आत्मसाथ गर्दै हरेक टोलमा चौतारी निर्माण गर्ने गराउने कार्यलाई उच्च प्राथमिकता दिएको छु । रिचार्ज पोखरीहरुको निर्माण र संरक्षण, सामुदायिक तथा सरकारी वनको संरक्षण गर्दै वृक्षरोपण कार्य र सार्वजनिक जग्गा, ऐलानी प्रति, बाटो चौतारो, चोक एवं परम्परागत खुला क्षेत्र र सरकारी जमिनलाई सिमाङ्कन गरी पहिरो तथा भूक्षय संबेदनशील क्षेत्र पहिचान र समस्या न्यूनीकरणका लागि बजेटको सुनिश्चित गरेको छु । बन डढेलो र खोला नदी कटान नियन्त्रणका कार्यक्रमहरु तय गरको छु । सामुदायिक तथा कवुलियति वन क्षेत्रमा

बाँस, निगालो, अम्रिसो रोपण तथा जडिबुटीको खेती साथै सामुदायिक वनमा दिगो व्यवस्थापन गरी पशुपालक किसानहरुलाई घाँस आपूर्तिमा विशेष कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट छुट्याएको छ ।

**सुशासन, सार्वजनिक सेवा प्रवाह र राष्ट्रसेवक कर्मचारी**

सार्वजनिक सेवा प्रवाहलाई प्रविधिमैत्री बनाई पारदर्शिता सुनिश्चित गर्ने, प्रक्रियागत सरलीकरण गर्ने र सेवा प्रवाहको समय तथा लागत घटाइनेछ । गाउँपालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमहरुको सार्बजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षण गर्ने गरी व्यवस्थापन मिलाएको छ । टोल विकास समिति, वेभसाइट, बुलेटिन सूचना पाटी, गुनासो पेटिका तथा सुशासन बुलेटिन मार्फत जनताका आवाजहरु मुखरित गर्ने खालका गतिबिधिहरु सञ्चालनको लागि रकमको जोहो गरेको छ । सार्वजनिक सेवालाई मुहाररहित, सम्पर्करहित र क्रमसः कागजरहित बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ । राष्ट्रसेवक कर्मचारीहरुलाई उत्प्रेरित गरी सेवा भाव उच्च बनाउन चुस्त र प्रभावकारी कार्यसम्पादन गरी प्रबिधिमैत्री गुणस्तरीय सेवा प्रवाहको निम्ति कर्मचारीहरुको क्षमता विकास, आवश्यकता ठानिएको क्षेत्रमा आन्तरिक तथा बाह्य अवलोकन अध्ययन भ्रमण, तालिम,गोष्ठी तथा सेमीनारका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ । राष्ट्सेवक कर्मचारीहरुको मनोबल उच्च बनाउन काम र नतिजाको आधारमा प्रदान गर्ने गरी गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबीच, प्रमुख प्रशासकीय अधिकृत र कर्मचारीहरुबीच करार सम्झौता गरी नतिजाका आधारमा प्रदान गर्ने गरी आवश्यक प्रोत्साहन भत्ताको लागि बजेट बिनियोजन गरेको छ ।

**सभाका सभाध्यक्षज्यू**

बेनीघाट रोराङ गाउँपालिकाको आ.व. २०८०।०८१ को प्रस्तावित आय व्याय, आय व्ययको वर्गिकरण तथा कर दस्तुर, शुल्कको प्रस्तावलाई अनुसूचीहरुमा संलग्न गरेको छ ।

हामी सार्वभौमसत्ता सम्पन्न बेनीघाट रोराङका जनताबाट निर्बाचित जनप्रतिनिधिहरु हौं । हामी मालिक होइनौं, जनताका सेवक हौं भन्ने राम्ररी बुझेका छौं । बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसाथ गरी सामाजिक एकता, सांस्कृतिक ऐक्यबद्वता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै बेनीघाट रोराङको फूलबारीमा रहनु भएका रोराङबासी आमाबाबु, दाजुभाई, दिदिबहिनीहरुको अनुहारमा अधिकतम खुसी ल्याउने कुरामा हामी प्रतिबद्व छौं । हामीलाई हाम्रा जनताले सुम्पेको ५ बर्षको समयावधिलाई प्राथमिकता प्राप्त क्षेत्रहरुमा बर्गिकरण गरेर दोस्रो बर्षको बजेट प्रस्तुत गरेको छ । बजेट तयारी र निर्माणमा महत्वपूर्ण राय सल्लाह तथा सहयोग प्रदान गर्नु हुने बेनीघाट रोराङ गाउँपालिकाका श्रीमान् अध्यक्षज्यू, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरु, राजश्व परामर्श समितिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिकाका सदस्यज्युहरु, वडा सदस्यज्यूहरु, गाउँपालिकाका शाखा प्रमुखहरु सहित सम्पूर्ण कर्मचारीहरु, वडा सचिव लगायत वडा कार्यालयका कर्मचारीहरु, अन्य सरकारी कार्यालयका कर्मचारीहरु, शिक्षकहरु, समाजसेवी, बुद्विजिवी, शिक्षाप्रेमी, विभिन्न संघ सस्था, उद्योगी, व्यवसायी लगायत विभिन्न तह र तप्का तथा समस्त बेनीघाट रोराङ गाउँवासीहरुमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु । अन्तमा यो बजेटको सार्थक कार्यान्वयनमा सम्पूर्ण जनप्रतिनिधिहरु, कर्मचारीहरु, विभिन्न संघ सस्था, उद्योगी, व्यवसायी लगायत समस्त गाउंबासीहरुबाट पूर्ण साथ र सहयोग पाउने अपेक्षा लिएको छु । गाँउपालिकालाई सबल, समृद्ध, जनताको ढुकढुकी तथा न्यायपूर्ण गाँउपालिका निर्माण गर्ने गौरवपूर्ण यात्रामा सबै सबैको अर्थपूर्ण सहभागिताका लागि हार्दिक आह्वान गर्दछु । धन्यवाद ।

**बेनीघाट रोराङ गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, विशालटार, धादिङ**

**विनियोजन विधेयक २०८०**

बेनीघाट रोराङ गाउँपालिका, धादिङ को आर्थिक बर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

*सभाबाट स्वीकृत मिति : २०८०।०३।१०*

**प्रस्तावना :** बेनीघाट रोराङ गाउँपालिका, धादिङ २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम बेनीघाट रोराङ गाउँपालिका, धादिंङको गाउँ सभाले यो विधेयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस विधेयकको नाम "**बेनीघाट रोराङ गाउँपालिका, धादिङको विनियोजन विधेयक, २०८०"** रहेको छ ।

(२) यो विधेयक तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८०/८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८०/८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **७९,६७,६७,०००।- (अक्षेरुपी उनान्नअसी करोड सतसठ्ठी लाख सतसठ्ठी हजार रुपैयाँ मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन** : (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०/०८१ को निमित्त बेनीघाट रोराङ गाउँपालिका, धादिङको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची १
## आ.ब. २०८०/०८१ को आम्दानी खर्चको विवरण

| शीर्षक | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०७९/८० को संशोधित अनुमान | आ.व. २०८०/८१ को अनुमान |
|---|---|---|---|
| आय | ६४६,८३४,७५६ | ७१३,०४३,०२३ | ७९६,७६७,००० |
| राजस्व | १५०,७८२,६९९ | १५८,६९०,५२३ | २२२,९७३,९७७ |
| आन्तरिक श्रोत | १७,५६७,०११ | १८,१२८,६६५ | ३६,४००,००० |
| ११३१३ एकीकृत सम्पती कर | १,०४३,७६६ | १,६००,००० | ३,२००,००० |
| ११३१४ भुमिकर/मालपोत | १,००१,२३५ | ५००,००० | - |
| ११३२१ घरवहाल कर | १,१५०,९७९ | १,२००,००० | ३,०००,००० |
| ११३२२ वहाल विटौरी कर | ३,६०० | १००,००० | १५०,००० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | - | ४,१६६,६६५ | ३,८५०,००० |
| ११४१५ सवारी साधन कर (साना सवारी) | - | - | १६५,००० |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | - | - | १००,००० |
| ११६९१ अन्य कर | - | २,०००,००० | |
| १४१९२ पदयात्रा शुल्क | - | - | ५००,००० |
| १४२२१ न्यायिक दस्तूर | २०० | - | |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | २,५२८,९३२ | - | |
| १४२२५ यातायात क्षेत्रको आम्दानी | २,२५८,०४८ | - | |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | - | ५००,००० | |
| १४२४२ नक्सापास दस्तुर | - | २,०००,००० | २,०००,००० |
| १४२४३ सिफारिश दस्तुर | ६२१,६०० | २,०००,००० | ३,०००,००० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | - | १५०,००० | १५०,००० |
| १४२४५ नाता प्रमाणित दस्तुर | १,०९३,९२९ | १००,००० | |
| १४२४९ अन्य दस्तुर | - | २,३१२,००० | १,३००,००० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | - | १,५००,००० | |
| १४२६५ अन्य क्षेत्रको आय (वातावरण शुल्क) | - | - | १३,२००,००० |
| १४३११ न्यायिक दण्ड जरिवाना र जफत | ६,१७८,१९४ | - | |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | १,६८६,५२९ | - | १२०,००० |
| १४६११ व्यवसाय कर | - | - | ५,६६५,००० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | १२७,०३७,४९४ | १४०,५६१,८५८ | १६९,८०६,७२७ |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | ७,९३०,२८७ | १०,०००,००० | ८,९००,००० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७०,०९१,३१२ | ६३,०००,००० | ७२,७००,००० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | २२,७००,४०७ | २०,०००,००० | ३६,१८७,००० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २४,६८२,२४६ | २९,२४४,००० | ३२,०४४,७२७ |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | - | ८२५,००० | ९७५,००० |
| १४१५४ बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ७८९,२८१ | ७,२९२,८५८ | ७,०००,००० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ८४३,९६१ | १०,२००,००० | १२,०००,००० |
| अन्य आय | ६,१७८,१९४ | - | १६,७६७,२५० |
| १४५२९ अन्य राजस्व | ६,१७८,१९४ | - | १६,७६७,२५० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ४९६,०५२,०५७ | ५५४,३५२,५०० | ५३९,२४५,००० |
| संघीय सरकार | ४५१,३९०,४१८ | ४६९,५२९,५०० | ४६०,५००,००० |
| १३३११ समानिकरण अनुदान | १६४,७००,००० | १५२,३३७,५०० | १५०,९००,००० |
| १३३१२ शसर्त अनुदान चालु | २३४,६८१,७६७ | २६७,७४२,००० | २६३,६००,००० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १८,७७२,७४७ | २३,४५०,००० | ९,०००,००० |
| १३३१४ विषेश अनुदान चालु | - | - | १७,०००,००० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ११,१३५,५४९ | - | |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २२,१००,३५५ | २६,०००,००० | २०,०००,००० |

| | | | |
|---|---|---|---|
| प्रदेश सरकार | ४४,६६१,६३९ | ८४,८२३,००० | ७८,७४५,००० |
| १३३११ समानिकरण अनुदान | १४,५११,००० | १७,३४८,००० | १६,३३१,००० |
| १३३१२ शसर्त अनुदान चालु | १७,२११,०८८ | ३४,१९२,००० | २७,४१४,००० |
| १३३१४ विषेश अनुदान चालु | २,८७१,०७१ | ७,५००,००० | १०,०००,००० |
| १३३१६ समपुरक अनुदान चालु | १०,०६८,४८० | २५,७८३,००० | २५,०००,००० |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |
| वित्तीय व्यवस्था (प्राप्ति) | | | |
| व्यय | ५९६,९५६,७३९ | ६७८,४९५,००० | ७९६,७६७,००० |
| चालु | ३४०,१४२,९९२ | ४४१,७९९,००० | ४३५,११७,००० |
| २१११२ पारिश्रमिक कर्मचारी | १६९,८८७,६२५ | ८०,२१४,००० | २४०,४१९,००० |
| २१११२ पारिश्रमिक पदाधिकारी | ६,६२१,१५० | ७,६००,००० | ७,६००,००० |
| २११२१ पोशाक | १,२३०,००० | १,५८०,००० | ८२०,००० |
| २११२३ औषधीउपचार खर्च | २७६,००० | २,२००,००० | ५००,००० |
| २११३१ स्थानीय भत्ता | २२६,१८४ | ७२६,००० | ६००,००० |
| २११३२ महंगी भत्ता | ८१७,४०० | २,०००,००० | २,०००,००० |
| २११३३ फिल्ड भत्ता | १०९,९०० | १,८०२,००० | - |
| २११३४ कर्मचारीको बैठक भत्ता | ५८७,४०० | १,४१०,००० | २,०००,००० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २,११७,३८३ | ४,१००,००० | ३,५००,००० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ९९७,८०० | २,०००,००० | २,०००,००० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ४१२,१५५ | ५००,००० | ५००,००० |
| २१२११ कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | - | ५००,००० | - |
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | - | १,५००,००० | १,०००,००० |
| २१२१४ कर्मचारी कल्याण कोष | - | १,०००,००० | १,०००,००० |
| २२१११ पानी तथा बिजुली | ५३७,३०५ | १,५००,००० | १,५००,००० |
| २२११२ संचार महसुल | ५९२,७०७ | १,०००,००० | १,०००,००० |
| २२२११ इन्धन (पदाधिकारी) | ८९९,१७१ | १,२००,००० | ४,२००,००० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १,९९५,२९६ | २,९००,००० | - |
| २२२१३ सवारी साधन मर्मत खर्च | १,०५४,७७१ | १,५००,००० | १,५००,००० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ३१०,४४६ | १,०००,००० | ७००,००० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ७५९,७८२ | २,०००,००० | ७००,००० |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १०७,८३४ | १,०००,००० | २००,००० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | २,५४६,९५६ | ४,४८०,००० | ४,१२८,००० |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ३,००० | - | - |
| २२३१५ पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | २,३५६,३३७ | ३,४००,००० | २,५००,००० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | १,५३९,२६० | २,०००,००० | २,०००,००० |
| २२४११ सेवा र परामर्श खर्च | ५७५,१०० | ३,०००,००० | २,०००,००० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५१५,८४५ | १,५००,००० | ३००,००० |
| २२४१३ करार सेवा शुल्क | १७,१९१,००४ | १९,८२४,००० | ३१,८९४,००० |
| २२४१४ सरसफाईसेवा शुल्क | - | ६००,००० | - |
| २२५११ कर्मचारी तालिम खर्च | - | २,९००,००० | ५००,००० |
| २२५१२ सीपविकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | - | ५,०००,००० | ५००,००० |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | - | १,८२०,००० | - |
| २२५२२ कार्यक्रम खर्च | ७८,१९१,३९० | २२,६२९,००० | २१,८८९,००० |
| २२५२९ विविध कार्यक्रम खर्च | ३,०५४,४२० | ५,०६४,००० | - |
| २२६११ अनुगमन मूल्यांकन खर्च | १,०७४,२०० | १,८००,००० | १,६९५,००० |
| २२६१२ भ्रमण खर्च | १,५१३,०३० | १,३००,००० | १,४००,००० |

| | | | |
|---|---|---|---|
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | - | ६००,००० | ६००,००० |
| २२७११ विविध खर्च | २,१३३,२१९ | ३,६००,००० | २,४००,००० |
| २२७२१ सभा सञ्चालन खर्च | ४९९,४६० | १,०००,००० | ७००,००० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | २१,०३९,३८८ | १९८,०६८,००० | ५८,८६१,००० |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | ४,६०३,६४६ | २०,२०१,००० | २३,६००,००० |
| २५३१३ उपभोक्ता समिति तथा गैर सरकारी संस्था सहायता | - | १००,००० | - |
| २५३१५ अन्य सस्था सहायता | २५,००० | - | - |
| २६३३२ सशर्त अनुदान (चालु) | - | ५१०,००० | - |
| २७१११ सामाजिक सुरक्षा | - | १२,२२२,००० | - |
| २७२११ छात्रवृत्ति | १,९५३,००० | २,२७४,००० | ३,१११,००० |
| २७२१२ उद्दार राहत तथा पुनर्स्थापना खर्च | ६,३९७,०५० | १,५००,००० | ९००,००० |
| २७२१३ औषधीखरिद खर्च | ३,१६१,७४२ | ३,३७५,००० | १,९००,००० |
| २७३११ निवृत्तिभरण तथा अशक्त वृत्ति | - | १००,००० | - |
| २८१४२ घरभाडा | ७२९,२५२ | १,०००,००० | १,५००,००० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १,४७५,५३४ | २,२००,००० | ७००,००० |
| २८२११ राजस्व फिर्ता | २४,८५० | १००,००० | १००,००० |
| २८२१२ न्यायिक फिर्ता | - | २००,००० | २००,००० |
| २८२१९ अन्य फिर्ता | - | २००,००० | - |
| पूँजीगत | २५६,८१३,७४७ | २३६,६९६,००० | ३६१,६५०,००० |
| ३११११ आवासीय भवन निर्माण/खरिद | २७,४२९,३०४ | ३,१००,००० | ३००,००० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | १२,११७,४६० | १६,९००,००० | ३१,७००,००० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ७,४११,१७० | १,४००,००० | १,५५०,००० |
| ३११२१ सवारी साधन | ९५८,९०० | ७००,००० | ७,९५०,००० |
| ३११२२ मेशिनरी तथा औजार | १,४२३,०९९ | २,७००,००० | २,२००,००० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ८८९,३१९ | ५,४३०,००० | ८,५००,००० |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ५,०४९,२४७ | २३,६५०,००० | ३०,२२५,००० |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | - | ५००,००० | - |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | - | ५००,००० | १,५००,००० |
| ३११३५ पूँजीगत परामर्श खर्च | १,०६७,००० | २,५००,००० | २,५००,००० |
| ३११५१ सडक तथा पूल निर्माण | १०९,२८५,३५५ | ९२,५७६,६४३ | १४८,४८०,००० |
| ३११५३ विद्युत संरचना निर्माण | १,६७२,५१० | ३,२००,००० | ३००,००० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | २५०,००० | ४,४००,००० | ५,७५०,००० |
| ३११५५ सिंचाई संरचना निर्माण | ७,६३२,६८३ | ४,१९५,००० | ६,०५०,००० |
| ३११५६ खानेपानी संरचना निर्माण | १२,९१३,५४८ | २७,८५३,००० | २७,३५०,००० |
| ३११५७ वन तथा वातावरण संरक्षण | ६००,००० | - | ७,०००,००० |
| ३११५८ सरसफाई संरचना निर्माण | १,०७०,००० | ३,९५०,००० | ३,४५०,००० |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ६७,०४४,१५२ | ३९,५४१,३५७ | ७६,८४५,००० |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | - | ३,६००,००० | |
| बजेट बचत (+)/न्यून | (२६,८५२,७०७) | (७१,७८३,९९२) | (३४,५४८,०२३) |
| गत वर्षको नगद मौज्दात | २६,८५२,७०७ | ७१,७८३,९९२ | ३४,५४८,०२३ |

# अनुसूची २

## आ.ब. २०८०/०८१ को राजश्व अनुमान

| शीर्षक | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०७९/८० को संशोधित अनुमान | आ.व. २०८०/८१ को अनुमान |
|---|---|---|---|
| आय | ६४६,८३४,७५६ | ७१३,०४३,०२३ | ७९६,७६७,००० |
| राजस्व | १५०,७८२,६९९ | १५८,६९०,५२३ | २२२,९७३,९७७ |
| आन्तरिक श्रोत | १७,५६७,०११ | १८,१२८,६६५ | ३६,४००,००० |

| | | | |
|---|---|---|---|
| ११३१३ एकीकृत सम्पती कर | १,०४३,७६६ | १,६००,००० | ३,२००,००० |
| ११३१४ भुमिकर/मालपोत | १,००१,२३५ | ५००,००० | - |
| ११३२१ घरवहाल कर | १,१५०,९७९ | १,२००,००० | ३,०००,००० |
| ११३२२ वहाल विटौरी कर | ३,६०० | १००,००० | १५०,००० |
| ११४५२ पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | - | ४,१६६,६६५ | ३,८५०,००० |
| ११४१५ सवारी साधन कर (साना सवारी) | - | - | १६५,००० |
| ११६३२ अखेटोपहारमा लाग्ने कर | - | - | १००,००० |
| ११६९१ अन्य कर | - | २,०००,००० | |
| १४१९2 पदयात्रा शुल्क | - | - | ५००,००० |
| १४२२१ न्यायिक दस्तूर | २०० | - | |
| १४२२३ शिक्षा क्षेत्रको आम्दानी | २,५२८,९३२ | - | |
| १४२२५ यातायात क्षेत्रको आम्दानी | २,२५८,०४८ | - | |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | - | ५००,००० | |
| १४२४२ नक्सापास दस्तुर | - | २,०००,००० | २,०००,००० |
| १४२४३ सिफारिश दस्तुर | ६२१,६०० | २,०००,००० | ३,०००,००० |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | - | १५०,००० | १५०,००० |
| १४२४५ नाता प्रमाणित दस्तुर | १,०९३,९२९ | १००,००० | |
| १४२४९ अन्य दस्तुर | - | २,३१२,००० | १,३००,००० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | - | १,५००,००० | |
| १४२६५ अन्य क्षेत्रको आय (वातावरण शुल्क) | - | - | १३,२००,००० |
| १४३११ न्यायिक दण्ड जरिवाना र जफत | ६,१७८,१९४ | - | |
| १४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत | १,६८६,५२९ | - | १२०,००० |
| १४६११ व्यवसाय कर | - | - | ५,६६५,००० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | १२७,०३७,४९४ | १४०,५६१,८५८ | १६९,८०६,७२७ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ७,९३०,२८७ | १०,०००,००० | ८,९००,००० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७०,०९१,३१२ | ६३,०००,००० | ७२,७००,००० |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क | २२,७००,४०७ | २०,०००,००० | ३६,१८७,००० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २४,६८२,२४६ | २९,२४४,००० | ३२,०४४,७२७ |
| ११४७२ बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | - | ८२५,००० | ९७५,००० |
| १४१५४ बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ७८९,२८१ | ७,२९२,८५८ | ७,०००,००० |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ८४३,९६१ | १०,२००,००० | १२,०००,००० |
| अन्य आय | ६,१७८,१९४ | - | १६,७६७,२५० |
| १४५२९ अन्य राजस्व | ६,१७८,१९४ | - | १६,७६७,२५० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | ४९६,०५२,०५७ | ५५४,३५२,५०० | ५३९,२४५,००० |
| संघीय सरकार | ४५१,३९०,४१८ | ४६९,५२९,५०० | ४६०,५००,००० |
| १३३११ समानिकरण अनुदान | १६४,७००,००० | १५२,३३७,५०० | १५०,९००,००० |
| १३३१२ शसर्त अनुदान चालु | २३४,६८१,७६७ | २६७,७४२,००० | २६३,६००,००० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | १८,७७२,७४७ | २३,४५०,००० | ९,०००,००० |
| १३३१४ विषेश अनुदान चालु | - | - | १७,०००,००० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ११,१३५,५४९ | - | |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २२,१००,३५५ | २६,०००,००० | २०,०००,००० |
| प्रदेश सरकार | ४४,६६१,६३९ | ८४,८२३,००० | ७८,७४५,००० |
| १३३११ समानिकरण अनुदान | १४,५११,००० | १७,३४८,००० | १६,३३१,००० |
| १३३१२ शसर्त अनुदान चालु | १७,२११,०८८ | ३४,१९२,००० | २७,४१४,००० |
| १३३१४ विषेश अनुदान चालु | २,८७१,०७१ | ७,५००,००० | १०,०००,००० |
| १३३१६ समपुरक अनुदान चालु | १०,०६८,४८० | २५,७८३,००० | २५,०००,००० |
| बैदेशिक | | | |
| जनसहभागिता | | | |
| वित्तीय व्यवस्था (प्राप्ति) | | | |

# अनुसूची ३
## आ.ब. २०८०/०८१ को स्रोतगत खर्च अनुमानको विवरण

| शीर्षक | आ.व. २०७८/०७९ को यथार्थ | आ.व. २०७९/०८० को संशोधित अनुमान | आ.व. २०८०/०८१ को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| व्यय | ५९६,९५६,७३९ | ६७८,४९५,००० | ७९६,७६७,००० | १०९,५९०,२७३ | ५७६,३८७,००० | ११०,७८९,७२७ | | | | |
| चालु | ३४०,१४२,९९२ | ४४१,७९९,००० | ४३५,११७,००० | २६,७००,००० | ३६९,६१७,००० | ३८,८००,००० | - | | | |
| २१११ पारिश्रमिक कर्मचारी | १६९,८८७,६२५ | ८०,२१४,००० | २४०,४१९,००० | १०,०००,००० | २१५,४१९,००० | १५,०००,००० | | | | |
| २११२ पारिश्रमिक पदाधिकारी | ६,६२१,१५० | ७,६००,००० | ७,६००,००० | २,६००,००० | ५,०००,००० | | | | | |
| २११२१ पोशाक | १,२३०,००० | १,५८०,००० | ८२०,००० | | ८२०,००० | | | | | |
| २११२३ औषधीउपचार खर्च | २७६,००० | २,२००,००० | ५००,००० | | ५००,००० | | | | | |
| २११३१ स्थानीय भत्ता | २२६,१८४ | ७२६,००० | ६००,००० | | ६००,००० | | | | | |
| २११३२ महंगी भत्ता | ८१७,४०० | २,०००,००० | २,०००,००० | | २,०००,००० | | | | | |
| २११३३ फिल्ड भत्ता | १०९,९०० | १,८०२,००० | - | | - | | | | | |
| २११३४ कर्मचारीको बैठक भत्ता | ५८७,४०० | १,४१०,००० | २,०००,००० | | २,०००,००० | | | | | |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २,११७,३८३ | ४,१००,००० | ३,५००,००० | ३,५००,००० | - | | | | | |
| २११४१ पदाधिकारी बैठक भत्ता | ९९७,८०० | २,०००,००० | २,०००,००० | | २,०००,००० | | | | | |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ४१२,१५५ | ५००,००० | ५००,००० | | ५००,००० | | | | | |
| २१२११ कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | - | ५००,००० | - | | - | | | | | |
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | - | १,५००,००० | १,०००,००० | | १,०००,००० | | | | | |
| २१२१४ कर्मचारी कल्याण कोष | - | १,०००,००० | १,०००,००० | | १,०००,००० | | | | | |
| २२१११ पानी तथा बिजुली | ५३७,३०५ | १,५००,००० | १,५००,००० | | १,५००,००० | | | | | |
| २२११२ संचार महसुल | ५९२,७०७ | १,०००,००० | १,०००,००० | | १,०००,००० | | | | | |
| २२२११ इन्धन (पदाधिकारी) | ८९९,१७१ | १,२००,००० | ४,२००,००० | | ४,२००,००० | | | | | |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | १,९९५,२९६ | २,९००,००० | - | | - | | | | | |
| २२२१३ सवारी साधन मर्मत खर्च | १,०५४,७७१ | १,५००,००० | १,५००,००० | | १,५००,००० | | | | | |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ३१०,४४६ | १,०००,००० | ७००,००० | | ७००,००० | | | | | |
| २२२२१ मेशिनरी तथा औजार मर्मत | ७५९,७८२ | २,०००,००० | ७००,००० | | ७००,००० | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सम्भार तथा सञ्चालन खर्च | | | | | | | | | | |
| २२२३१ निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | १०७,८३४ | १,०००,००० | २००,००० | | २००,००० | | | | | |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | २,५४६,९५६ | ४,४८०,००० | ४,१२८,००० | | ४,१२८,००० | | | | | |
| २२३१३ पुस्तक तथा सामग्री खर्च | ३,००० | - | - | | - | | | | | |
| २२३१५ पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | २,३५६,३३७ | ३,४००,००० | २,५००,००० | | २,५००,००० | | | | | |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | १,५३९,२६० | २,०००,००० | २,०००,००० | | २,०००,००० | | | | | |
| २२४११ सेवा र परामर्श खर्च | ५७५,१०० | ३,०००,००० | २,०००,००० | | २,०००,००० | | | | | |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | ५१५,८४५ | १,५००,००० | ३००,००० | | ३००,००० | | | | | |
| २२४१३ करार सेवा शुल्क | १७,१९१,००४ | १९,८२४,००० | ३१,८९४,००० | १०,०००,००० | १०,८९४,००० | ११,०००,००० | | | | |
| २२४१४ सरसफाईसेवा शुल्क | - | ६००,००० | - | | - | | | | | |
| २२५११ कर्मचारी तालिम खर्च | - | २,९००,००० | ५००,००० | | ५००,००० | | | | | |
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | - | ५,०००,००० | ५००,००० | | ५००,००० | | | | | |
| २२५२१ उत्पादन सामग्री / सेवा खर्च | - | १,८२०,००० | - | | - | | | | | |
| २२५२२ कार्यक्रम खर्च | ७८,१९१,३९० | २२,६२९,००० | २१,८८९,००० | | ९,०८९,००० | १२,८००,००० | | | | |
| २२५२९ विविध कार्यक्रम खर्च | ३,०५४,४२० | ५,०६४,००० | - | | - | | | | | |
| २२६११ अनुगमन मूल्यांकन खर्च | १,०७४,२०० | १,८००,००० | १,६९५,००० | | १,६९५,००० | | | | | |
| २२६१२ भ्रमण खर्च | १,५१३,०३० | १,३००,००० | १,४००,००० | | १,४००,००० | | | | | |
| २२६१३ विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | - | ६००,००० | ६००,००० | ६००,००० | - | | | | | |
| २२७११ विविध खर्च | २,१३३,२१९ | ३,६००,००० | २,४००,००० | | २,४००,००० | | | | | |
| २२७२१ सभा सञ्चालन खर्च | ४९९,४६० | १,०००,००० | ७००,००० | | ७००,००० | | | | | |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | २१,०३९,३८८ | १९८,०६८,००० | ५८,८६१,००० | | ५८,८६१,००० | | | | | |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | ४,६०३,६४६ | २०,२०१,००० | २३,६००,००० | | २३,६००,००० | | | | | |
| २५३१३ उपभोक्ता समिति तथा गैर सरकारी संस्था सहायता | - | १००,००० | - | | - | | | | | |
| २५३१५ अन्य सस्था सहायता | २५,००० | - | - | | - | | | | | |
| २६३३२ सशर्त अनुदान (चालु) | - | ५१०,००० | - | | - | | | | | |
| २७१११ सामाजिक सुरक्षा | - | १२,२२२,००० | - | | - | | | | | |
| २७२११ छात्रवृत्ति | १,९५३,००० | २,२७४,००० | ३,१११,००० | | ३,१११,००० | | | | | |
| २७२१२ उद्दार राहत तथा पुनर्स्थापना | ६,३९७,०५० | १,५००,००० | ९००,००० | | ९००,००० | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| खर्च | | | | | | | | | | |
| २७२१३ औषधीखरिद खर्च | ३,१६१,७४२ | ३,३७५,००० | १,९००,००० | | १,९००,००० | | | | | |
| २७३११ निवृत्तिभरण तथा अशक्त वृत्ति | - | १००,००० | - | | - | | | | | |
| २८१४२ घरभाडा | ७२९,२५२ | १,०००,००० | १,५००,००० | | १,५००,००० | | | | | |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १,४७५,५३४ | २,२००,००० | ७००,००० | | ७००,००० | | | | | |
| २८२११ राजस्व फिर्ता | २४,८५० | १००,००० | १००,००० | | १००,००० | | | | | |
| २८२१२ न्यायिक फिर्ता | - | २००,००० | २००,००० | | २००,००० | | | | | |
| २८२१९ अन्य फिर्ता | - | २००,००० | - | | - | | | | | |
| पूंजीगत | २५६,८१३,७४७ | २३६,६९६,००० | ३६१,६५०,००० | ८२,८९०,२७३ | २०६,७७०,००० | ७१,९८९,७२७ | | | | |
| ३१११११ आवासीय भवन निर्माण/खरिद | २७,४२९,३०४ | ३,१००,००० | ३००,००० | ३००,००० | - | | | | | |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | १२,११७,४६० | १६,९००,००० | ३१,७००,००० | १०,०००,००० | २१,७००,००० | | | | | |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ७,४११,१७० | १,४००,००० | १,५५०,००० | ५००,००० | १,०५०,००० | | | | | |
| ३११२१ सवारी साधन | ९५८,९०० | ७००,००० | ७,९५०,००० | २,०००,००० | ५,९५०,००० | | | | | |
| ३११२२ मेशिनरी तथा औजार | १,४२३,०९९ | २,७००,००० | २,२००,००० | - | २,२००,००० | | | | | |
| ३११२३ फर्निचर तथा फिक्चर्स | ८८९,३१९ | ५,४३०,००० | ८,५००,००० | २,५००,००० | ६,०००,००० | | | | | |
| ३११३१ पशुधन तथा बागवानी विकास खर्च | ५,०४९,२४७ | २३,६५०,००० | ३०,२२५,००० | | १६,७२५,००० | १३,५००,००० | | | | |
| ३११३२ अनुसन्धान तथा विकास सम्बन्धी खर्च | - | ५००,००० | - | | - | | | | | |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | - | ५००,००० | १,५००,००० | | १,५००,००० | | | | | |
| ३११३५ पूँजीगत परामर्श खर्च | १,०६७,००० | २,५००,००० | २,५००,००० | | २,५००,००० | | | | | |
| ३११५१ सडक तथा पूल निर्माण | १०९,२८५,३५५ | ९२,५७६,६४३ | १४८,४८०,००० | ६०,०००,००० | ४५,४८०,००० | ४३,०००,००० | | | | |
| ३११५३ विद्युत संरचना निर्माण | १,६७२,५१० | ३,२००,००० | ३००,००० | | ३००,००० | | | | | |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | २५०,००० | ४,४००,००० | ५,७५०,००० | | ३,२५०,००० | २,५००,००० | | | | |
| ३११५५ सिंचाई संरचना निर्माण | ७,६३२,६८३ | ४,१९५,००० | ६,०५०,००० | | ६,०५०,००० | | | | | |
| ३११५६ खानेपानी संरचना निर्माण | १२,९१३,५४८ | २७,८५३,००० | २७,३५०,००० | १,०९०,२७३ | १४,७५९,७२७ | ११,५००,००० | | | | |
| ३११५७ वन तथा वातावरण संरक्षण | ६००,००० | - | ७,०००,००० | | ७,०००,००० | | | | | |
| ३११५८ सरसफाई संरचना निर्माण | १,०७०,००० | ३,९५०,००० | ३,४५०,००० | | ३,४५०,००० | | | | | |
| ३११५९ अन्य सार्वजनिक निर्माण | ६७,०४४,१५२ | ३९,५४१,३५७ | ७६,८४५,००० | ६,५००,००० | ६८,८५५,२७३ | १,४८९,७२७ | | | | |
| ३११७१ पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | - | ३,६००,००० | | | - | | | | | |
| बजेट बचत (+)/न्यून | (२६,८५२,७०७) | (७१,७८३,९९२) | (३४,५४८,०२३) | | | | | | | |
| गत वर्षको नगद मौज्दात | २६,८५२,७०७ | ७१,७८३,९९२ | ३४,५४८,०२३ | | | | | | | |

## बेनीघाट रोराङ गाउँपालिका आर्थिक विधेयक, २०८०

**प्रस्तावना :**
बेनीघाट रोराङ गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम वेनीघाट रोराङ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८०" रहेको छ ।
(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि वेनीघाट रोराङ गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

२. **सम्पत्ती कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचना (घर) मा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सम्पत्ती कर लगाइने र असूल उपर गरिनेछ ।
(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ती करको दर अनुसूची -१ (क) मा उल्लेख भए बमोजिम हुनेछ ।
(३) यस दफा बमोजिम सम्पत्ती कर प्रयोजनका लागि जग्गा र घरको मूल्यांकन दर अनुसूची- १ (ख) तथा घरको ह्रास कट्टीको दर अनुसूची -१ (ग) मा उल्लेख भए बमोजिम हुनेछ ।

३. **भूमि कर (मालपोत)** :(१) गाउँपालिका क्षेत्रभित्रका जग्गामा क्षेत्रफलको आधारमा मालपोत लगाइने र असूल उपर गरिनेछ । तर दफा (२) बमोजिम सम्पत्ती कर लगाईएको जग्गामा भूमि कर (मालपोत) लगाईने छैन ।
(२) उपदफा (१) बमोजिम लगाइने मालपोतको दर अनुसूची - २ मा उल्लेख भए बमोजिम हुनेछ ।

४. **घर जग्गा बहाल कर :** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड ( छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिई प्राप्त गरेको आयमा बहाल कर लगाईने र असूल उपर गरिनेछ ।
(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा वहाल करको दर अनुसूची - ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

५. **व्यवसाय कर** :(१) गाउँपालिका क्षेत्र भित्र सञ्चालित उद्योग, व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पूँजी लगानी र आर्थिक कारोबारका आधारमा वर्गीकरण गरी व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।
(२) उपदफा (१) बमोजिम व्यबसाय कर असूली गर्दा बैंक तथा वित्तिय संस्था र सुपर मार्केट एवं अन्य व्यवसायको प्रत्येक कारोबार स्थलमा अलग अलग इकाई मानी कर असूली गरिनेछ ।
(३) यस दफा बमोजिम लगाइने ब्यावसाय करको दर अनुसूची - ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर**ः (**कृषि तथा पशुजन्य वस्तुको व्यावसायकि कारोबारमा कर)** १) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडीमाल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेबापत अनुसूची- ५ बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।
तर, त्यस्ता वस्तुको व्यवसाय गर्ने व्यक्ति वा कम्पनिलाई दफा ५ बमोजिम व्यवसाय कर लगाइएको अवस्थामा यस दफा बमोजिमको कर लगाइनेछैन ।

७. **सवारी साधन कर** : (१) गाउँपालिका क्षेत्रभित्रका रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा जस्ता सवारी साधनको दर्ता र वार्षिक नवीकरणमा गाउँपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ ।
(२) उपदफा (१) बमोजिम लगाइने सवारी साधन करको दर अनुसूची - ६ मा तोकिए बमोजिम हुनेछ ।

८. **विज्ञापन कर** : (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचार प्रसार आदिका लागि राख्न दिने डिजिटलबोर्ड, साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।
(२) उप दफा (१) बमोजिम लगाइने विज्ञापन करको दर अनुसूची -७ मा तोकिए बमोजिम हुनेछ ।

९. **मनोरञ्जन कर** : (१) गाउँपालिकाले प्रदेश कानूनले तोके बमोजिमका सेवा र क्षेत्रमा सोही कानूनमा तोकिएको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्क** : (१) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा वा पसल वा आवास तथा गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा सञ्चालन भएका पसलमा बहाल विटौरी शुल्क लगाई असूल उपर गरिनेछ ।
(२) उपदफा (१) बमोजिम लगाइने बहाल विटौरी शुल्कको दर अनुसूची - ८ मा तोकिए बमोजिम हुनेछ ।

११. **ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग, जिपफ्ल्यायर तथा र्‍याफ्टिङ्गशुल्क** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग, जिपफ्ल्यायर तथा र्‍याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरे बापत अनुसूची - ९ मा उल्लेख भए बमोजिमको दरमा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१२. पुर्वाधार सेवाको उपयोग सेवा शुल्क :** (१) गाउँपालिकाले मलेखु ताल्ती (बेनीघाट रोराङ) सडकमा संचालन हुने सवारी साधनहरुमा अनुसूची - १० मा उल्लेख भए बमोजिमको दरमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. सडक उपयोग तथा सरसफाई शुल्क :** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका प्राकृतिक स्रोतको व्यवसायिक रुपमा उपयोग गरेबापत अनुसूची - ११ मा उल्लेख भए बमोजिमको दरमा सडक उपयोग तथा सरसफाई शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर दफा १८ को (१) वमोजिमको दहत्तर वहत्तर शेवा शुल्क संकलन भएको प्राकृतिक श्रोतमा सडक उपयोग तथा सरसफाई शुल्क लगाइनेछैन ।

**१४. सेवा शुल्क दस्तुर** : (१) गाउँपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका अनुसूची - १२ मा उल्लिखित स्थानीय पूर्वाधार वा सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा उल्लिखित दरमा सेवा शुल्क तथा दस्तुर लगाइने र असूल उपर गरिनेछ ।

**१५. नक्सापास दस्तुर** (१) गाउँपालिकाले गाउँपालिका भित्र निर्माण हुने घर टहराको नक्सापास गर्दा अनुसूची - १३ मा उल्लिखित दरमा नक्सापास दस्तुर लगाई असूल उपर गर्नेछ ।

**१६. सिफारिस तथा प्रमाणित दस्तुर** : (१) गाउँपालिकाले कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय मार्फत उपलब्ध गराउने सिफारिस, प्रमाणित, इजाजत जस्ता प्रशासनीक सेवामा अनुसूची - १४ मा उल्लिखित दरमा सिफारिस तथा प्रमाणित दस्तुर लगाई असूल उपर गर्नेछ ।

**१७. पञ्जिकरण दस्तुर** : (१) गाउँपालिकाले कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय मार्फत गरिने पञ्जिकरण दर्तामा अनुसूची - १५ मा उल्लिखित दरमा पञ्जिकरण दस्तुर लगाई असूल उपर गर्नेछ

**१८. बिक्री गर्न सक्ने :**(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खोलानाला वा अन्य सार्वजनिक स्थलबाट वाताबरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वाताबरणीय परिक्षणबाट तोकिएको परिमाणमा संकलन हुने ढुंगा, गिट्टी, बालुवा एबम् माटो जन्य वस्तुहरुमा अनुसूची-१६ मा उल्लेख भए बमोजिमको दरमा दहत्तर वहत्तर शुल्क लगाई असुल उपर गरिनेछ ।

(२) गाउँपालिकाले नक्शापासका लागि आवश्यक निबेदन फाईल, वोलपत्र वा दरभाउ पत्र फाराम अनुसूची-१७ मा उल्लेख भए बमोजिमको दरमा विक्री गरि रकम असुल उपर गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको ढुंगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुहरु विक्री गर्दा विक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम विक्री मूल्यमा ठेक्का बढावढ गरी गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिमको दहत्तर वहत्तर शुल्क यस ऐनमा उल्लेख भएको कुरा यसै ऐन बमोजिम र यसमा उल्लेख नभएकोमा बागमती प्रदेशको आर्थिक ऐन बमोजिम हुनेछ ।

**१९. भाडामा लगाउन सक्ने :** (१) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन, मेसिनरी तथा अन्य सम्पत्तीमा अनुसूची-१८ मा उल्लिखित दरमा भाडामा लगाउन सक्नेछ ।

**२०. दण्ड जरिवाना :** (१) यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम पालना गर्नुपर्ने कर्तब्य भएको व्यक्ति वा संघसंस्थाले कर्तब्य पालना नगरेमो वा गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा अनुसूची - १९ मा उल्लिखित दरमा दण्ड जरिवाना लगाई असूल उपर गर्न सक्नेछ ।

**२१. कर छुट :** (१) यस कार्यालयमा व्यावसाय दर्ता गरी विविध कारणले सञ्चालनमा नरहेका व्यावसायहरु नविकरण गरी सञ्चालन वा खारेजी गर्न चाहेमा दफा ५ वमोजिम लाग्ने व्यावसाय नविकरण शुल्कमा ५० प्रतिशत शुल्क छुट दिइ असुल उपर गरिनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघ संस्थाको सम्पत्ती, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन ।

**स्पष्टीकरणः** लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, बृद्धाआश्रम, मठमन्दिर जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) यस ऐनमा उल्लेखित करको दरमा परिवर्तन गर्न वा कर छुट दिन आवश्यक भएमा कार्यपालिकाले निर्णय गरि करको दरमा हेरफेर तथा छुट दिन सक्नेछ ।

२२. यस ऐनमा अन्यत्र जे सुकै लेखिएको भए तापनि जेष्ठ नागरिक विपन्न वर्ग उपचार सिफारिस, अदालतको कोर्ट फि मिनाहा सिफारिस, छात्रवृत्ति सिफारिस, जिल्ला जनस्वास्थ्य कार्यालयमा गरिने सिफारिसहरु, नाबालक परिचयपत्र सिफारिस, नेपाली नागरिकता प्रमाणत्र सिफारिस, आदिवासी जनजाती दलित प्रमाणित सिफारिस र राहत सम्बन्धीको सिफारिस तथा प्रमाणित निःशुल्क गरिने छ ।

**२३. कार्य विधि बनाउन सक्ने :** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि गाउँपलिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका गाउँकार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ ।

**२४. प्रचलित कानुन बमोजिम हुने :**यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**अनुसूची-१**
**(दफा २ को उपदफा (२) संग सम्वन्धित)**
**सम्पत्ती करको दर**

| सम्पत्तीको मूल्य | बार्षिक दर |
|---|---|
| दशलाख रुपैयाँ सम्मको मूल्यांकनमा | एक मुष्ठ रु १०० |
| एघार लाख देखि पचास लाख रुपैयाँ सम्म | प्रतिलाख रु ७ |
| एकाउन्नलाख देखि एक करोड रुपैयाँ सम्म | प्रति लाख रु १० |
| एक करोड एक लाख देखि दुई करोड रुपैयाँ सम्म | प्रति लाख रु १२ |
| दुई करोड एक लाख रुपैयाँ देखि तिन करोड रुपैयाँ सम्म | प्रति लाख रु १५ |
| तिन करोड एक लाख रुपैयाँ देखि पाँच करोड रुपैयाँ सम्म | प्रति लाख रु १८ |
| पाँच करोड एक लाख वा सो भन्दा माथि | प्रतिलाख रु २२ |

मुल्यांकन रकमलाई रु लाखमा (Round Figure) मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

**नोटः**

- सम्पत्ती कर निर्धारणका लागि सम्पत्ती धनीले तोकीएको ढाँचामा सम्पत्तीको विवरण खुलाई गाउँपालिकाले तोकेको स्थानमा पेश गर्नुपर्दछ ।
- सम्पत्ती धनीले प्रत्येक वर्षको सम्पत्ती कर सोही आर्थिक वर्ष भित्र भुक्तानी गरिसक्नु पर्नेछ ।
- करदाताले झूट्टा विवरण दाखिला गरेको प्रमाणित भए मानिजको सम्पत्तीको पुनः कर निर्धारण गरी जरिबाना सहितको कर रकम असुल उपर गरिनेछ र यस्तो जरिबाना लुकाएको सम्पत्तीम लाग्ने करको तेब्वर रकम बराबर हुनेछ ।
- सम्पत्ती कर सोही आर्थिक वर्षको कार्तिक मसान्त भित्र बुझाएमा लाग्ने कर रकममा दश प्रतिशत छूट दिईनेछ ।
- बक्यौता कर (बक्यौता मालपोत तथा घरजग्गा वा घरधुरी कर समेत) भुक्तानी गर्दा बक्यौतामा करको प्रति वर्ष दश प्रतिशतले हुन आउने रकम वरावर जरिवाना लिई कर असुल उपर गरिनेछ ।
- सम्पत्ती विवरण दाखिला गर्न तोकेको म्याद भित्र विबरण दाखिला नगर्ने करदातालाई तोकिएको दरमा विलम्ब शुल्क लाग्नेछ ।

**म्याद भित्र विवरण दाखिला नभएमा लिइने विलम्ब शुल्कको दर**

| सम्पत्तीको मूल्यांकन रकम | एक आ.व. म्याद नाघेमा रु. | म्याद नाघेको एक आ.व.पछि तेस्रो आ.व.सम्म रु | म्याद नाघेको तेस्रो आ.व.पछि प्रतिवर्ष थप |
|---|---|---|---|
| ५० लाख सम्म | १६० | ३२० | २०० |
| ५० लाखभन्दामाथिजतिसुकै | ३२० | ६४० | ४०० |

**अनुसूची- १ (ख)**
**(दफा २ को उपदफा (३) संग सम्वन्धित)**
**जग्गाको मूल्यांकन दर**

मालपोत कार्यालय धादिङले रजिष्ट्रेशन पास निमित्त गाउँ क्षेत्रमा निर्धारण गरेको न्युनतम मुल्याङकन (दररेट) र चलन चल्तीको स्वघोषणा (मालपोतले गरेको भन्दा कम नहुने गरी) मुल्याङकन मध्ये जुन बढी हुन्छ सो रकम।

**घरको मूल्यांकन दर**

| घरको बनोट | मूल्यांकन प्रतिवर्ग फिट रु. |
|---|---|
| आर.सि.सि. फ्रेम स्टक्चर | २००० |
| सिमेण्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना | १२०० |
| सिमेन्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना | ८०० |
| प्रि फ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना | ७०० |

| | |
|---|---|
| जस्ता वा टायलको छाना भएको | ५०० |
| काठको घर | २०० |
| अन्य कच्ची घर | १०० |

**नोटः** माथि उल्लेखित बाहेक अन्य किसिमका संरचना भएमा लागतको आधारमा मिल्दो जुल्दो प्रकार तथा वनोटमा उल्लेखित दरको आधारमा मूल्यांकन गरिनेछ ।

**अनुसूची- १ (ग)**
**(दफा २ को उपदफा (३) संग सम्वन्धित)**
**घरको ह्रास कट्टी दर**

| **वनोटको किसिम** | **ह्रासकट्टी दर** |
|---|---|
| आर.सि.सि. फ्रेम स्टक्चर भएको भवन वा गोदाम | वार्षिक १.५ प्रतिशतका दरले ६० बर्ष सम्म |
| सिमेण्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना भएको भवन वा गोदाम | वार्षिक २ प्रतिशतका दरले ४५ बर्ष सम्म |
| सिमेन्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना भवन वा गोदाम | वार्षिक ३ प्रतिशतका दरले ३० बर्ष सम्म |
| प्रि फ्याब तथा जस्ताले बनेको भित्तार टिनको छाना | वार्षिक ५ प्रतिशतका दरले १८ वर्ष सम्म |
| जस्ता वा टायलको छाना भएको सेड | वार्षिक ५ प्रतिशतका दरले १८ वर्ष सम्म |
| काठको वा अन्य कच्चि घर | वार्षिक १० प्रतिशतका दरले ९ बर्ष सम्म |

**अनुसूची-२**
**(दफा३ को उपदफा (२) संग सम्वन्धित)**
**भूमी कर (मालपोत)**

| सि.नं. | जग्गाको किसिम | दर रु. (प्रति रोपानी) |
|---|---|---|
| १ | उद्योग/फर्मको नाममा भएको जग्गा | ५०० |
| २ | राजमार्ग क्षेत्रका जग्गाहरु | १०० |
| ३. | वडा नं. ३, ५, ७, ९ को पृथ्वी राजमार्ग नजिक कच्चि सडकमा जोडिएको जग्गा | ६० |
| ४ | वडा नं. ३, ५, ७, ९ का राजमार्ग वाट १ कि.मी भन्दा टाढाको कच्चि सडकमा जोडिएको जग्गा | ४० |
| ५ | वडा न १, २, ४, ६, ८, १० को कच्चि सडकले छोएकाजग्गाहरु | ४० |
| ६ | वडा नं. ३, ५, ७, ९ को सडकमा नजोडिएको जग्गा | ३० |
| ७ | वडा न १, २, ४, ६, ८, १० को कच्चि सडकले नछोएका जग्गाहरु | २० |

प्रति रसिद न्यूनतम् रु. ५०।-

**अनुसूची - ३**
**(दफा ४ को उपदफा (२) संग सम्वन्धित)**
**घर जग्गा बहाल करको दर**

| **जग्गा तथा घर भाडामा लिने** | **वार्षिक करको दर** |
|---|---|
| **१) घर जग्गा बहाल कर** | - १० प्रतिशत |

**अनुसूची - ४**
**(दफा ५ को उपदफा (३) संग सम्बन्धित)**
**व्यवसाय कर**

क) निम्न व्यावसायमा निम्नुसार वार्षिक व्यावसाय कर लिईनेछ ।

| **क्र.सं** | **व्यवसायको किसिम** | ब्यावसाय कर | |
|---|---|---|---|
| १ | पूजिको आधारमा | दर्ता दस्तुर | नविकरण दस्तुर |
| १.१ | एक लाख सम्म पुँजी लगानी भएका | १०००।- | ५००।- |
| १.२ | एक देखि पाँच लाख सम्म | २०००।- | १०००।- |

| क्र.सं | व्यवसायको किसिम | ब्यावसाय कर | |
|---|---|---|---|
| १.३ | रु पाँच लाख देखि वीस लाख सम्म | ५०००।- | १५००।- |
| १.४ | रु वीस लाख देखि पचास लाख सम्म | १००००।- | ३०००।- |
| १.५ | रु पचास लाख देखि एक करोड सम्म | २००००।- | ५०००।- |
| १.६ | रु एक करोड भन्दा माथि | ३००००।- | ८०००।- |
| २. | विविध उद्योग, सेवा, (पूजीं जति भएता पनि) दर्ता/ सुचिकृत/बार्षिक कर) | दर्ता / सुचिकृत /शिफारिस | वार्षिक कर |
| २.१ | सिमेन्ट उद्योग | १००००००।- | १००००००।- |
| २.२ | स्थानीय कच्चा पदार्थ उपयोग गरि संचालित इट्टा उद्योग | १०००००।- | १०००००।- |
| २.३ | वालुवा, ढुङ्गा जस्ता खानी जन्य पदार्थ प्रसोधन गर्ने उद्योग (फिरफिरे) | ५००००।- | ५००००।- |
| २.४ | वालुवा, ढुङ्गा जस्ता खानी जन्य पदार्थ प्रसोधन गर्ने उद्योग (क्रशर) | १०००००।- | १०००००।- |
| २.५ | ग्यास रिफिलिङ उद्योग | १०००००।- | ५००००।- |
| २.६ | क वर्गका वित्तिय सस्था | १५०००।- | १५०००।- |
| २.७ | ख वर्गका वित्तिय सस्था | १२०००।- | १२०००।- |
| २.८ | ग वर्ग तथा सो भन्दा साना वित्तिय सस्था | १००००।- | १००००।- |
| २.९ | लघुवित्त (वित्तिय सस्था) | ८०००।- | ८०००।- |
| २.१० | विमा कम्पनी र मुद्रा सटही | ८०००।- | ८०००।- |
| २.११ | खानी संचालन दर्ता अनुमति सिफारिस दस्तुर | १५००००।- | १५००००।- |
| २.१२ | निर्माण व्यावसाय ईजाजत | १००००।- | ५०००।- |
| २.१३ | घर नक्शा निर्माण प्रयोजनका कन्सल्टेन्ट सुचिकृत | १००००।- | ५०००।- |
| ३. | कम्पनी रजिष्टारको कार्यालय तथा घरेलु कार्यालयमा दर्ता भै यस कार्यालयमा सुचिकृत फर्महरु | दर्ता / सुचिकृत /शिफारिस | नविकरण |
| ३.१ | रु २० लाख सम्म पूँजी भएका फर्म | १५०० | १००० |
| ३.२ | रु २० लाख १ देखि ५० लाख सम्म पूँजी भएका फर्म | ४००० | २५०० |
| ३.३ | रु ५० लाख १ देखि १ करोड सम्म पूँजी भएका फर्म | ६००० | ४००० |
| ३.३ | रु १ करोड १ देखि माथी पूँजी भएका फर्म | ८००० | ५००० |
| ४ | व्यावसायको नामसारी, ठाउँसारी, प्रतिलिपी, खारेजी वापत रु. ५००।- शुल्क लिईनेछ । | | |
| ५ | व्यावसायकोनाम परिवर्तन गरिएको खण्डमा दर्ता सरह शुल्क लिईनेछ । | | |
| ६ | व्यावसायले तोकिएको समयमा नविकरण नगरी म्याद पछि नविकरण गर्न आएमा पहिलो १ वर्ष सम्म १०%, २ वर्ष सम्म २०% र सो भन्दा वढी दोव्वर दस्तुर लाग्नेछ । | | |

**अनुसूची - ५**

**(दफा ६ को उपदफा (१) संग सम्वन्धित)**

**जडिबुटी, कवाडी र जीवजन्तु करको दर**

| क.सं. | विवरण | वार्षिक कर |
|---|---|---|
| १ | खाली सीसी, प्लाष्टिक (बोतल, भाँडाकुँडा, पुरानाजुत्ता, चपल, ग्यालन र जर्किन), खालीबोरा, तेलको टिन, धातुकाटुक्राहरु, पुनःप्रशोधन (रिसाइकलिङ्ग) गरी पुनःप्रयोगमा आउन सक्ने कवाडी सामानहरु | ठूलो ट्रक रु. २०००, सानो ट्रक, टिपर, रु १००० र ट्रयाक्टर रु ५०० |
| २. | खोटो | प्रति टिन रु १०० |
| ३. | एन | प्रति के.जी. रु. १ |

| | | |
|---|---|---|
| ४. | जडिबुटी | प्रति के.जी. रु. १० |
| ५. | मरेका जिवजन्तुको हाड, सिङ्ग, छाला, खुर आदि | ठूलो ट्रक रु. ३०००, सानो ट्रक, टिपर, रु १५०० र ट्र्याक्टर रु १००० |

**अनुसूची - ६**
**(दफा७ को उपदफा (२) संग सम्वन्धित)**
**सवारी साधन करको दर**

गाउँपालिका क्षेत्रभित्र सञ्चालनहुने देहायका सवारी साधनमापहिलो पटक सवारी दर्ता र वार्षिक रुपमानविकरणगर्दा लाग्ने करको दर निम्नअनुसार हुनेछ :

| क्र.सं. | सवारीको किसिम | दर्ता तथाइजाजत | वार्षिक कर |
|---|---|---|---|
| १ | अटोरिक्सा | रु.१५००।- | रु.२०००।- |
| २ | विद्युतीय रिक्सा | रु.१५००।- | रु.२०००।- |
| ३ | रिक्सातथा ठेला | रु.५००।- | रु.१०००।- |

**अनुसूची - ७**
**(दफा ८ को उपदफा (२) संग सम्वन्धित)**
**विज्ञापन करको दर**

गाउँपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा गाउँपालिकाको इजाजतलिई गरिएका विज्ञापन सामाग्रीमा देहाय बमोजिम वार्षिक विज्ञापन कर लगाई असुल उपर गरिने छ :

| क्र.सं. | विवरण | दर (रू.) मा |
|---|---|---|
| १ | ग्लो साइनबोर्ड, डिपिएस बोर्ड र अन्य साइनबोर्ड प्रतिवर्ग फिट | १४०।- |
| २ | वाल पेन्ट विज्ञापन प्रतिवर्ग फिट | ५।- |
| ३ | व्यानर (बढीमा एक महिना सम्मको लागि) प्रतिगोटा | १००।- |

**नोटः**

(१) गाउँपालिका क्षेत्र भित्र निजी सम्पत्तीको उपयोग गरी कसैले विज्ञापन राख्न चाहेमा गाउँपालिकाको इजाजत लिई विज्ञापन सामग्री राख्न सक्नेछ ।

(२) गाउँपालिकाको इजाजत नलिई गरिएका विज्ञापन सामग्रीहरुलाई गाउँपालिकाले कुनै पनि समयमा अग्रीम सूचना विना हटाउन सक्नेछ ।

(३) पसलहरुमा राखिने परिचयपाटी (व्यवसाय प्रमाण पत्रमा तोकिएको ढाँचा तथा साईज अनुसार) मा विज्ञापन कर लाग्ने छैन । तर, परिचय पाटिमा विज्ञापन मूलक सामग्री प्रचार गरेमा सोमा विज्ञापन कर लाग्नेछ ।

(४) सुर्ति एवं मदिरा जन्य विज्ञापनमा थप ५० प्रतिशत विज्ञापन कर लगाईने छ ।

**अनुसूची - ८**
**(दफा १० को उपदफा (२) संग सम्बन्धित)**
**बहाल बिटौरी शुल्कको दर**

गाउँपालिका क्षेत्रमा आफुले निर्माण, रेखदेख र सञ्चालन गरेको हाटबजार र सार्वजनिक स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति रनिङ फिट रु. २० का दरले मासिक वहाल विटौरी शुल्क लिइनेछ ।

**अनुसूची - ९**
**(दफा ११ को उपदफा (१) संग सम्वन्धित)**
**ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्ल्यायर तथा ऱ्याफ्टिङ्ग शुल्कको दर**

क) ट्रेकिङ कोयोडिङ, क्यानोइङ, बन्जीजम्पिङ, जिप फ्लायर शुल्क - प्रतिव्यक्ति रु २५।-
ख) ऱ्याफ्टीङ शुल्क - प्रतिवोट रु १५०

**अनुसूची - १०**
**(दफा १२ को उपदफा (१) संग सम्वन्धित)**
**पूर्वाधार सेवाको उपयोग सेवा शुल्कको दरः**

क) छ पाङ्ग्रे भन्दा ठूला मालबाहक ट्रक, लहरी लगायत निजी तथा सार्वजनिक ठूला सवारी साधन (आवत अथवा जावतमा) - प्रति पटक रु १५०।-

ख) छ पाङ्ग्रे भन्दा साना सवारी साधन, बस, ट्याक्टर लगायत निजी तथा सार्वजनिक सवारी साधन (आवत अथवा जावतमा) - प्रति पटक रु ५०।-

**नोटः** एम्बुलेन्स, सरकारी, कुटनैतिक नियोग, विद्यालयका तथा दुई पांग्रे सवारी साधनमा कर लाग्ने छैन् ।

**अनुसूची - ११**

**(दफा १३ को उपदफा (१) संग सम्वन्धित)**

| सि.नं. | प्राकृतिक श्रोत | प्रति टिपर, दर | प्रति ट्र्याक्टर दर |
|---|---|---|---|
| १ | चुनढुङ्गा, डोलामाइट | ५०० | २०० |
| २ | व्लक (मलेखु) | १००० | ४०० |

**सडक उपयोग तथा सरसफाई शुल्कको दर**

**अनुसूची - १२**

**(दफा १४ को उपदफा (१) संग सम्वन्धित)**

**सेवा शुल्क दस्तुरको दर**

**क) सेवा शुल्क**

| सि.नं. | सेवाको किसिम | दर (रु.) |
|---|---|---|
| १ | सर्जमिन वापत | ३००।- |
| २ | अचल सम्पत्ती मूल्याकंनमा मूल्याङ्कन अंकको | ०.०८ प्रतिशत |
| ३ | रकम कलम उठाई दिएवापत सयकडा | २।- |
| ४ | मिलापत्र शुल्क (दुवै पक्ष सँग आधा आधा) | ०।- |
| ५ | घर नम्वरिङ्ग प्लेट प्रति गोटा | १००।- |
| ६ | स्थलगत प्राबिधिक सेवा शुल्क | ५००।- |
| ७ | नागरिकता सर्जमिन मचुल्का शुल्क | २०० ।- |
| ८ | व्यवसाय दर्ताको सर्जमिन | २०० ।- |
| ९ | जग्गाको फिल्ड नाप जाँच प्रति कित्ता | २८००।- |
| १० | फोहर मैला व्यवस्थापन शुल्क प्रति महिना | |
| | क. राजमार्ग क्षेत्रमा बस माइक्रोवस रोकेर खाना खुवाउने होटलहरु | ५००।- |
| | ख. अन्य होटल रेष्टुरेन्टहरु | २००।- |
| | ग. राजमार्गका पसल घरहरु | १००।- |
| | घ. राजमार्ग भन्दा भित्रका पसल घरहरु | ५०।- |
| | ङ. गाउँपालिका भित्र शाखा रहेका बैंकहरु | ५००।- |
| | च. अन्य संघ सस्थाका कार्यालय | १००।- |
| | छ. तरकारी संकलन केन्द्र चरौदी | ५००।- |
| | ज. अन्य स्थानका तरकारी संकलन कैन्द्रहरु | ३००।- |
| | झ. राजमार्ग सामुदायिक अस्पताल | ५००।- |

**ख) संस्था दर्ता नवकिरण**

| सि.नं. | सेवाको किसिम | दर्ता | नविकरण |
|---|---|---|---|
| १ | कृषक समुह टो.वि.स.दर्ता/नवकिरण | ३००।- | १००।- |
| २ | उपभोक्ता समिति, सहकारी सस्था | १०००।- | ३००।- |
| ३ | नफा मूलक संस्था दर्ता/नविकरण | १५००।- | १०००।- |
| ४ | निजी विद्यालय दर्ता/कक्षा थपको | १०००।- | - |
| ५ | सामाजिक संघ संस्थादर्ता, तथा नविकरण | १०००।- | ३००।- |

**अनुसूची - १३**

**(दफा १५ को उपदफा (१) संग सम्बन्धित)**

**नक्सापास दस्तुर**

| सि.नं. | विवरण | प्रतिवर्ग फिट रकम |
|---|---|---|
| १. | नक्सापास निवेदन फारम दस्तुर | रु. ५००।— |

| | | |
|---|---|---|
| २. | पृथ्वी राजमार्गमा जोडिएका पक्की घर | रु. ६।- |
| ३. | राजमार्ग देखि १ कि.मी सम्म पक्की घर प्रति वर्ग फिट दस्तुर | रु. ५।- |
| ४ | राजमार्ग देखि १ कि.मी सम्म कच्चि घर प्रति वर्ग फिट दस्तुर | रु. २।- |
| ५ | राजमार्ग देखि १ कि.मी वाहिर पक्की घर प्रति वर्ग फिट दस्तुर | रु. ३।- |
| ६ | राजमार्ग देखि १ कि.मी वाहिर कच्चि घर प्रति वर्ग फिट दस्तुर | रु. १।- |
| ७ | नयाँ घर निर्माण गर्दा भौतिक पूर्वाधार सुधार शुल्क (पक्की) | रु. १०००।- |
| ८ | साविक घर परिवर्तन नहुने गरी मर्मत सम्भार गर्नु परेमा एकमुष्ट | रु. १०००।- |
| ९ | घर नक्सा नामसारी एकाघर पक्कि घर | रु. १०००।- |
| १० | घर नक्सा नामसारी एकाघर कच्चि घर | रु. ५००।- |
| ११ | घर निर्माण सम्पन्न प्रमाणपत्र (पक्की) | रु. १०००।- |
| १२ | घर निर्माण सम्पन्न प्रमाणपत्र (कच्ची) | रु. ५००।- |
| १३ | अस्थायी टहरा निर्माणको इजाजत (व्यावसायिक) | रु. १०००।- |
| १४ | नक्शापास स्थलगत निरिक्षण | रु ५००।- |

## अनुसूची - १४
**(दफा १६ को उपदफा (१) संग सम्बन्धित)**
**सिफारिस तथाप्रमाणित दस्तुर**

| सि.नं. | सेवाको किसिम | दस्तुर शुल्क |
|---|---|---|
| १ | **घरवाटो साँध सिमाना प्रमाणित** | |
| | राजमार्ग क्षेत्र एक कित्ताको | ५००।- |
| | थपप्रतिकित्ता | १००।- |
| | कच्चि सडकमा जोडिएको जग्गा एक कित्ताको | ३००।- |
| | थपप्रतिकित्ता | ६०।- |
| | अन्य क्षेत्र एक कित्ताको | २५०।- |
| | थप प्रति कित्ता | ५०।- |
| २ | नागरिकता प्रमाणपत्र प्रतिलिपी सिफारिस | २००।- |
| ३ | जग्गा नामसारी सिफारिस | ३००।- |
| ४ | नाम, थर संशोधन सिफारिस | २००।- |
| ५ | **घर कायम (पक्की घर) सिफारिस** | |
| | १००० वर्ग फिट सम्म | ५००।- |
| | १००० देखि २००० वर्ग फिट सम्म | १००० ।- |
| | २००० देखि ३००० सम्म | २०००।- |
| | ३००० देखि ४००० सम्म | ४०००।- |
| | सो भन्दामाथि | ६०००।- |
| ६ | घर कायम (कच्ची घर) | २००।- |
| ७ | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | १०००।- (थप प्र.रो १००।- |
| १२ | विवाह दर्ता सिफारिस (विदेशी सँग) | १०००।- |
| १३ | नाता प्रमाणित दस्तुर | २००।- |
| १४ | वसोवास प्रमाणित (बैदेशिक प्रयोजन) | १०००।- |
| १५ | बसोवास प्रमाणित (स्वदेशी प्रयोजन) | २००।- |
| १६ | मोही नामसारी सिफारिस | २००।- |
| १७ | आयश्रोत प्रमाणित सिफारिस | ५००।- |
| १८ | रुख काटने सिफारिस क) खयर | २००।- |
| | ख) अन्य काठ | ५०।- |
| १९ | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | ५००।- |

| | | |
|---|---|---|
| २० | अन्य मुलुकको पेन्सनपट्टा सम्बन्धी सिफारिस | १०००।- |
| २१ | अपुताली सिफारिस | १०००।- |
| २२ | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस | २००।- |
| २३ | अंग्रेजीमा सिफारीस | ५००।- |
| २४ | **चार किल्ला प्रमाणित सिफारिस** | |
| | राजमार्ग क्षेत्र एक कित्ताको | ५००।- |
| | थप प्रति कित्ता | १०० ।- |
| | कच्चि सडकमा जोडिएको जग्गा एक कित्ताको | ३००।- |
| | थपप्रतिकित्ता | ६०।- |
| | अन्य क्षेत्र एक कित्ताको | २५०।- |
| | थप प्रतिकित्ता | ५०।- |
| २५ | कन्सुलर प्रमाणित (बेनीघाट रोराङ गाउँपालिकाको कार्यपालिका तथा वडा कार्यालयबाट तयार कागजात प्रमाणित बाहेक) | ५००।- |

## अनुसूची - १५
### (दफा १७ को उपदफा (१) संग सम्बन्धित)
### पञ्जिकरण दस्तुर

| | | | |
|---|---|---|---|
| १ | व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद) | ३५ दिन सम्म : निशुल्क<br>३५ दिन पछि रु २००।- | पञ्जिकरण ऐन बमोजिम |
| २ | व्यक्तिगत घटना प्रतिलिपी (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध विच्छेद) | रु २००।- | |

## अनुसूची - १६
### (दफा १८ को उपदफा (१)संग सम्वन्धित)
### दहत्तर बहत्तर शुल्क

| सामग्रीहरु | इकाई | विक्री दर रु |
|---|---|---|
| ढुङ्गा, गिट्टी, वालुवा, | प्रति घन फिट | ९/- |
| ढुङ्गा, गिट्टी, वालुवा, ऐनको दफा १६ को उपदफा ४ बमोजिमको | प्रति घन फिट | ४।५० |
| माटो | प्रति घन फिट | ३।५० |

## अनुसूची - १७
### (दफा १८ को उपदफा (२)संग सम्बन्धित)
### बिक्री दर

| सामग्रीहरु | इकाई | विक्री दर रु |
|---|---|---|
| गाउपालिका क्षेत्रमा उत्पादन हुने ब्लक | प्रति ट्रिप | १००० |
| गाउँपालिका क्षेत्रमा उत्पादन भै विक्री हुने इट्टा | प्रति गोटा | ०।२५ |
| वोलपत्र वा दरभाउपत्र फाराम | प्रतिगोटा | रु १००० वा सो भन्दामाथि (सार्वजनिक खरिद नियमावली अनुसार) |

## अनुसूची - १८
### (दफा १९ को उपदफा (१) संग सम्वन्धित)
### सम्पत्ती भाडाको दर

| क्र. सं. | सम्पत्ती | भाडा दर रु |
|---|---|---|
| १ | ब्याकहो लोडर प्रतिघण्टा (इन्धन बाहेक) | १२०० |
| २ | सभाहल (प्रतिदिन) | १००० |
| ३ | प्रोजेक्टर (प्रतिदिन) | ५०० |

| | | |
|---|---|---|
| ४ | राजमार्ग आसपासको सार्वजनिक जग्गा (प्रति रोपनी मासिक) | १००० |

## अनुसूची - १९
## (दफा २० को उपदफा (१) संग सम्वन्धित)
## दण्ड जरिवानाको दर

| क्र. सं. | कसूर | दण्ड जरिवाना (रु.) |
|---|---|---|
| १ | चालु आ.ब. भित्र मालपोत, सम्पत्ती कर, व्यवसाय कर, सवारी कर, विज्ञापन कर तथा जडिबुटी, कवाडी, जिवजन्तु कर नतिरेमा | पहिलो वर्षको लागि १० प्रतिशत, दोस्रो वर्ष २० प्रतिशत र त्यसदेखि माथि दोब्बर |
| २ | ढुङ्गा, गिट्टी, वालुवा उत्खनन तथा बिक्रीको अनुमतिप्राप्त गर्ने ब्यवसायी वा संस्थाले सम्झौतामा उल्लेख गरिएको परिमाण भन्दा बढी उत्खनन् गरेमा वा अनुमति बेगर उत्खनन वा बिक्री गरेमा | उत्खनन् भएको परिमाण जफत गरी प्रतिघनफिट रु १५ जरिवाना |
| ३ | नक्सापास नगरी निर्माणकार्य गरेमा | कूल लाग्ने राजश्वको २५ प्रतिशत |
| ४ | जथाभावी फोहोर मैला निष्काशन गरेमा | पहिलो पटक रु. २०० त्यसपछि हरेक पटक दोब्बर |
| ५ | गाउँपालिकामा दर्ता वा इजाजत नलिई नयाँ ब्यवसाय संचालन गरेमा | १००० |
| ६ | गाउँपालिकाले निषेध गरेका कृयाकलाप संचालन गरेमा | गाउँ कार्यपालिकाले निणर्य गरे बमोजिम रु. १,००,००० सम्म |